का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ कात्तिक २०८२
बिहीबार
30 October 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक २५९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**एमालेमा लाग्यो महाधिवेशन**

# विद्या अघि सार्दा नेतृत्व हस्तान्तरणकै मुद्दा ओझेल



सदस्यता नै नवीकरण नभएपछि विद्याजीको च्याप्टर क्लोज भइसकेको छ । अब यसमा लाग्नुहुन्न ।

**अष्टलक्ष्मी शाक्य**
उपाध्यक्ष
नेकपा एमाले





पूर्वराष्ट्रपतिको सदस्यताको विषय च्याप्टर क्लोज भइसकेको होइन । पर्सिको बैठकले टुंगो लगाउँछ ।

**सुरेन्द्र पाण्डे**
उपाध्यक्ष
नेकपा एमाले

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक

११औं महाधिवेशन आउन डेढ महिना बाँकी रहँदा नेकपा एमालेमा नयाँ ध्रुवीकरण देखिन थालेको छ । जेनजी विद्रोह र विध्वंशबाट सत्ता गुमाएका अध्यक्ष केपी शर्मा ओलीमाथि नेतृत्व हस्तान्तरणको दबाब छ । तर उनी अध्यक्षमा तेहेरिने तयारीमा छन् ।

जेनजी विद्रोह (२३-२४ भदौं)का कारण राजीनामा गर्न बाध्य भएका ओली केही समय चुपचाप बसे । त्यसबीच ओलीलाई महाधिवेशनअघि नै हटाउन संस्थापनइतर समूहले पूरै शक्ति लगायो । तर अर्ली महाधिवेशनको प्रस्तावले त्यो योजना तुहियो । अर्को, ओलीको विकल्पमा दुई कार्यकाल राष्ट्रपति भइसकेकी पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीलाई अघि सारेका कारण पनि नेतृत्व हस्तान्तरणको मुद्दा कमजोर बन्न पुग्यो । 'हामी अध्यक्ष कमरेडले अब छाड्नुपर्छ भनिरहेका छौं । उहाँको विकल्प पूर्वराष्ट्रपति होइन, अरू नै नेता हुनुपर्छ,' उपाध्यक्ष अष्टलक्ष्मी शाक्य भन्छिन्, 'सदस्यता नै नवीकरण नभएपछि विद्याजीको च्याप्टर क्लोज भइसकेको छ । अब यसमा लाग्नुहुन्न ।' गत साउन ५-६ गतेको केन्द्रीय कमिटी पृष्ठ २ मा

# चुनाव मात्रैमा जेनजीले चित्त नबुझाउने

त्रिपक्षीय छलफलमा जेनजीका प्रतिनिधिहरूले भनेका छन्, 'चुनाव चाहिएको छ, गर्नुपर्छ तर चुनाव चुनाव भनेर मात्र हुँदैन । मुख्य माग सुशासन हो । भ्रष्टाचारविरुद्धको कारबाही हो । यी एजेन्डामा सरकार अगाडि बढ्नुपर्छ ।'



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक

सरकार चुनावी वातावरण बनाउन प्रयासरत छ । तर जेनजीहरूले चुनाव मात्रैमा चित्त नबुझाउने जवाफ दिएका छन् । प्रधानमन्त्री सुशीला कार्कीले बुधबार राजनीतिक दलका प्रतिनिधि, जेनजीका प्रतिनिधि र सरकारका प्रतिनिधिको त्रिपक्षीय छलफल राखेकी थिइन् । छलफलमा राजनीतिक दलका तर्फबाट १६ जना, जेनजीका तर्फबाट १४ जना र सरकारको तर्फबाट प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल र सञ्चारमन्त्री जगदीश खरेल सहभागी थिए । जहाँ जेनजीले चुनावमार्फत मुलुकलाई अगाडि बढाउने सरकारको प्रयास सकारात्मक भए तापनि आफूहरू चुनाव हुने कुरामा मात्रै चित्त बुझाएर अगाडि बढ्न तयार नरहेको सन्देश दिएका छन् ।



मुलुक हाम्रो हो, हामीले नै बनाउने हो । हामीले नबनाए कसैले बनाइदिँदैन ।

**सुशीला कार्की**
प्रधानमन्त्री

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा जेनजीका प्रतिनिधिहरूले आफ्ना मागहरू पूरा गर्न ध्यानाकर्षण गरे । आफूहरूलाई चुनाव चाहिएको भए पनि चुनाव मात्रै भएर नहुने जेनजी प्रतिनिधिहरूको चेतावनी छ । उनीहरूले भनेका छन्, 'चुनाव चाहिएको छ । तर चुनाव भएर मात्रै हुँदैन । आन्दोलनको मुख्य माग सुशासन हो । यसमा सरकारले काम गर्नुपर्छ ।'

जेनजी आन्दोलनको मुख्य माग सुशासन र भ्रष्टाचार अन्त्य रहेको उल्लेख गर्दै उनीहरूले राजनीतिक दलका प्रतिनिधिसामु सरकारको ध्यानाकर्षण गरेका हुन् ।

बैठकमा जेनजीका तर्फबाट बोल्ने रक्षा बम, जेम्स कार्की, दिवाकर दंगाल, पुरुषोत्तम यादव, मिराज ढुंगाना, अमित खनाल, रिजन रानामगर, सामना घर्ती, मोनिका उपार्जुन चाम्लिङ, खेम साउँद बालुवाटार गएका थिए ।

शहीद परिवार प्रतिनिधिका रूपमा भोजविक्रम थापा, घाइते प्रतिनिधिका रूपमा अभिषेक श्रेष्ठका अलावा विवेक ढकाल र सागर ढकाल पनि बालुवाटारको छलफलमा उपस्थित थिए ।

छलफलको सुरुमै ओपनिङ स्पिच राखेकी प्रधानमन्त्री कार्कीले पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियाको घुमाउरो सिन्डिकेटप्रति नेपालमा चौतर्फी विरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ कात्तिक

वैदेशिक रोजगारका लागि नेपाली इजाजतपत्र कम्पनीहरूको मापदण्ड तोक्ने मलेसिया सरकारको निर्णयप्रति वैदेशिक रोजगार व्यवसायीहरूले संस्थागत रूपमा तीव्र विरोध जनाएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थालगायतले छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर विरोध जनाएका हुन् । उनीहरूले लामो समयदेखि बन्द रहेको मलेसियाको रोजगारी पूर्णरूपमा खुला हुने तयारी रहेको अवस्थामा विभिन्न मापदण्डका नाममा नेपाली म्यानपावर कम्पनीहरूलाई वर्गीकरण गर्ने प्रयास गर्नु गलत भएको बताएका छन् ।

संघले विज्ञप्ति जारी गर्दै मलेसियाले नेपाली राजदूतावासमार्फत नेपाल सरकारलाई पठाएको १० बुँदे मापदण्डले सीमित व्यवसायीलाई मात्र मलेसिया पृष्ठ २ मा

## बंगलादेशमा म्यानपावर छनोटको प्रक्रिया सुरु

ढाका/मस- बंगलादेशले मलेसियाले जारी गरेको सूचनाअनुसार म्यानपावर कम्पनी छनोटको प्रक्रिया सुरु गरेको छ । बंगलादेशको प्रवासी कल्याण तथा वैदेशिक रोजगार मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै तोकिएको छनोट मापदण्ड पूरा गर्न सक्षम बंगलादेशबाट कानुनी रूपमा इजाजतपत्र प्राप्त भर्ती एजेन्टहरूलाई सन् २०२५ नोभेम्बर ७ तारिकसम्ममा आवेदन दिन आमन्त्रित गरेको छ ।

मलेसियाले नेपालसहित भारत, बंगलादेश, भियतनाम र पाकिस्तानलाई पृष्ठ २ मा

# वैधताको कसीमा सरकार

### प्रतिनिधि सभा विघटनविरुद्ध वकिलले देखाए- संविधान

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको वैधताको विषयमाथि सर्वोच्च अदालतमा बहस सुरु भएको छ । कार्की नेतृत्वको सरकार गठन र प्रतिनिधि सभा विघटनको निर्णयविरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले लिखित जवाफ नै मागेको छ । योसँगै सरकार कसरी वैध हो भन्ने जवाफ राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिनुपर्ने भएको छ । साथै अन्तरिम सरकारको सिफारिसमा २७ भदौमा भएको प्रतिनिधि सभा विघटनको संवैधानिक आधारको समेत सरकारले पुस्ट्याइँ गर्नुपर्ने भएको छ ।

अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीको नियुक्ति र प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा १६ वटा रिट परेका थिए । ती रिटमाथि बुधबारबाट पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

मलेसियन सरकारको Ministry Of Foreign Affairs, PUTRAJAYA ले मलेसियास्थित नेपाली राजदूतावासमार्फत नेपाल सरकारलाई २७ October २०२५ मा पठाएको १० बुँदे मापदण्डसहितको पत्र सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (NAFEA) को गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त पत्रअनुसार सीमित व्यवसायीहरूलाई मात्र मलेसिया रोजगारीमा काम गर्न अनुमति दिने गरी मलेसियाको रोजगारीमा सिन्डिकेट खडा गर्ने दुष्प्रयास भइरहेको स्पष्ट देखिन्छ । मलेसियन सरकारको उक्त निर्णय र प्रस्तावले नेपाललगायत स्रोत मुलुकहरूमा सिन्डिकेट स्थापना गर्ने र केही सीमित व्यक्तिहरूको पक्षपोषण गर्ने/गराउने स्पष्ट संकेत दिएको छ, जसले निष्पक्ष र स्वस्थ प्रतिस्पर्धा, पारदर्शिता र समान रोजगारीका अवसरलाई कुल्चेर पेशा व्यवसाय गर्न पाउने मौलिक अधिकार तथा नेपालको संविधान र कानुनले बन्देज गरेको एकाधिकार बजार बनाउने देखिन्छ । नेपाल सरकारबाट इजाजत प्राप्त व्यवसायीहरू कानुनी प्रक्रिया, सरकारी नीतिहरू र पारदर्शी अभ्यासमार्फत वैदेशिक रोजगार क्षेत्रमा संलग्न छन् । यसरी केही मुठीभर व्यवसायी वा गैरव्यवसायीहरूलाई मात्र फाइदा पुऱ्याउने र एकाधिकार बजार बनाएर नेपाली श्रमिकहरूलाई आर्थिक भार थप्ने षड्यन्त्रले सम्पूर्ण व्यवसायीहरूमा स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने व्यावसायिक अधिकार, श्रमिकको श्रम अधिकार र नेपाल सरकारको श्रम नीतिलाई समेत कमजोर बनाउने संघको ठहर छ ।

यस्ता सिन्डिकेट प्रवृत्तिहरूको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले घोर विरोध गर्दै आइरहेको छ र सम्पूर्ण व्यवसायीहरूलाई यस्ता कुकार्यका विरुद्ध एकजुट हुन आह्वान समेत गर्दछ । मलेसियाबाट आएका वा नेपालभित्रै विभिन्न नाम, रूप र शैलीमा प्रस्तुत भइरहेका यस्ता सिन्डिकेटधारीहरूका प्रस्ताव वा सम्झौताहरूमा सहभागी हुने, समर्थन गर्ने वा सहमति जनाउने कुनै पनि निकाय, व्यक्ति, व्यवसायी, संस्था वा समूहलाई संघले आवश्यक ठानेको जुनसुकै निर्णय लिन वा कारबाही गर्न पछि हट्ने छैन । वैदेशिक रोजगार क्षेत्र कुनै एक वर्ग वा गिरोहको निजी स्वार्थका लागि होइन, यो सबै व्यवसायीको साझा व्यावसायिक अधिकार र श्रमिकको हितसँग प्रत्यक्ष सम्बन्धित क्षेत्र हो । संघले हरेक प्रकारका अनुचित गठबन्धन, गुटबन्दी र एकाधिकारको प्रयासलाई आम वैदेशिक रोजगार व्यवसायीहरूको शत्रु ठान्दछ र त्यसविरुद्ध दृढ प्रतिरोध मात्र होइन, कडा रूपमा प्रस्तुत हुने जानकारी गराउन चाहान्छौं ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले यस अवस्थाप्रति नेपाल सरकारका सम्बन्धित निकायहरू (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र परराष्ट्र मन्त्रालय)को समेत विशेष ध्यानाकर्षण गराउँदै यस्ता सिन्डिकेट प्रवृत्तिलाई कुनै पनि रूपमा स्वीकृति नदिइयोस् भन्ने विशेष अनुरोध गर्दछौं । साथै सम्पूर्ण व्यवसायीज्यूहरूलाई सजग रहन, यस्ता सिन्डिकेटधारीहरूको गतिविधि नजिकबाट नियाल्न, प्रमाण संकलन गर्न र आवश्यक परेमा संघर्षका लागि तयार रहनसमेत आह्वान गर्दछौं । संघ निष्पक्ष, पारदर्शी, स्वस्थ प्रतिस्पर्धात्मक र श्रमिक हितमैत्री वैदेशिक रोजगारी प्रणालीको पक्षमा अडिग छ र भविष्यमा पनि यस्ता गलत प्रवृत्तिको विरुद्ध दृढतापूर्वक उभिरहनेछ । यदि संघको संस्थागत आह्वान र अनुरोध सुनुवाइ नगरिएमा यस्ता गलत नियतका साथ आएको सिन्डिकेटलाई पक्षपोषण गरी जबरजस्ती गर्ने प्रयास भएमा त्यसको प्रतिकारमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ उत्रनेछ र त्यसको जिम्मा नेपाल सरकार र सिन्डिकेटधारीहरूका पक्षधरहरूले लिनुपर्नेछ । साथै मलेसिया रोजगारी सधैंका लागि बन्द गराउने बाटोमा व्यवसायीहरूलाई लान वा जान बाध्य नपार्न समेत सम्बन्धित पक्षसँग हार्दिक अनुरोध गर्दछौं ।

**महेश कुमार बस्नेत**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ परिवार**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६५/४५९४४१८

## प्रेस विज्ञप्ति

श्रम गन्तव्य मुलुक मलेसिया, नेपाली कामदारहरूका लागि प्रमुख रोजगारीको गन्तव्य रहँदै आएको छ । केही समयको अवरोधपछि त्यहाँको श्रमिक भर्ना प्रक्रिया पुनः सञ्चालनमा आउन लाग्दा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थी समूहहरूले आप्रवासी कामदारहरूको भर्ना प्रक्रियामा एकाधिकार कायम गर्न खोजेको गम्भीर सूचना प्राप्त भएको छ ।

सन् २०२५ अक्टोबर २७ का दिन मलेसियाको परराष्ट्र मन्त्रालयले मलेसियास्थित नेपाली दूतावासमार्फत नेपाल सरकारलाई पठाएको आशयपत्रमार्फत यस्तो नियोजित प्रयास अघि सारिएको पुष्टि भएको छ । उक्त प्रस्तावमा नेपालबाट मलेसिया कामदार पठाउने व्यवसायीहरूको मूल्यांकनका लागि १० वटा अनावश्यक मापदण्ड तोक्ने प्रयास गरिएको छ, जसको उद्देश्य सीमित केही वैदेशिक रोजगार व्यवसायीहरूलाई मात्र अनुमति दिई आर्थिक स्वार्थ पूर्ति गर्ने र अन्ततः सिन्डिकेट प्रणालीले पुनः जरो गाड्ने रहेको देखिन्छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल यस प्रकारका सिन्डिकेटका अभ्यासहरू नेपालको संविधान र अन्तर्राष्ट्रिय श्रम कानुनअनुसार पूर्णरूपमा प्रतिबन्धित रहेको कुरा स्पष्ट पार्न चाहन्छ । यस्ता अनैतिक र गैरकानुनी अभ्यासहरूले वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाउने हाम्रो सामूहिक प्रयासमा गम्भीर खतरा पुऱ्याउनेछ ।

यस्ता सिन्डिकेट गतिविधिहरूको परिणामस्वरूप मलेसियाका अन्य श्रम स्रोत मुलुकहरूमा कामदारहरूले अत्यधिक आर्थिक भार व्यहोर्नुपरेको र सो विषयलाई अन्तर्राष्ट्रिय मिडियाले समेत गम्भीर रूपमा उजागर गरेको सन्दर्भहरू नजिरका रूपमा रहेका छन् ।

हामी सबै वैदेशिक रोजगार व्यवसायीहरूलाई यस्ता गैरकानुनी तथा अनैतिक गतिविधिमा संलग्न नहुन आग्रह गर्दछौं । प्राप्त सूचनाअनुसार ती सिन्डिकेटधारी समूहहरूले ठुलो रकम असुली गरी सीमित एजेन्सीहरूलाई मात्र कामदार पठाउने अधिकार दिने आश्वासन दिइरहेका छन्, जुन कार्य पूर्णरूपमा गैरकानुनी र स्वस्थ प्रतिस्पर्धाको मर्मविपरीत छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल यस्ता गैरकानुनी गतिविधिमा संलग्न पाइएका कुनै पनि व्यक्ति वा संस्थालाई कानुनी दायरामा ल्याउन दत्तचित्त रहनेछ ।

साथै, सम्बन्धित सरकारी निकायहरूलाई कुशल कूटनीतिक प्रयासमार्फत यस्ता विषयहरूको गहन अध्ययन र सरोकारवालाहरूसँग पर्याप्त छलफल गरेर मात्र निर्णय लिन, इजाजतपत्र प्राप्त व्यवसायीहरूको संवैधानिक र कानुनी अधिकारको रक्षा गर्न यस मञ्च दृढतापूर्वक आग्रह गर्दछ ।

**जनक रावल**
अध्यक्ष

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
सुकेधारा, काठमाडौं

## प्रेस विज्ञप्ति

**मलेसिया सरकारले नेपालमा रहेका वैदेशिक रोजगार ईजाजतपत्र कम्पनीहरूको मापदण्ड तोक्ने निर्णयप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।** लामो समयदेखी बन्द रहेको मलेसियाको रोजगारी पूर्णरुपमा खुला हुने तयारी रहेको अवस्थामा केही नेपाली तथा केही विदेशी गिरोहहरू समेतको मिलेमतोमा मलेसिया सरकारलाई समेत गलत तरीकाले प्रभावमा पारी विभिन्न मापदण्डका नाममा नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई वर्गीकरण गर्ने प्रयास सिगो नेपालमा रहेका वैदेशिक रोजगार व्यवसायीको स्वाभिमान र नेपाल राष्ट्र कै सार्वभौमिक स्वतन्त्रता माथिको प्रहार हो । सिण्डिकेटले रोजगारीका लागि मलेसिया जाने श्रमिकहरूलाई थप आर्थिक भार हुने र मलेसियाको रोजगारीको अवसरलाई केहि सिमित व्यक्तिहरूले नियन्त्रणमा लैजाने छ । म्यानपावर कम्पनीले दिने गुणस्तरीय एवं भरपर्दो सेवाको मापदण्ड पन्छाएर संख्या र कार्यालयको क्षेत्रफल खोज्नु सर्वथा अनुचित र असम्भव प्रयास हो । नेपालको संविधान तथा ऐन कानूनले कुनैपनि सेवा वा व्यवसायमा एकाधिकार (सिण्डिकेट) लाई पूर्णतः निषेध गरेको छ ।

४/५ महिना अगाडी तिर पनि मलेसिया रोजगारीको सिन्डकेट लगाउने प्रयास हुँदा लोकतान्त्रिक एशोसिएसनले सार्वजनिक रूपमा कुनै पनि हालतमा सिन्डकेट लगाउन दिईने छैन यदि कोही कसैले सिन्डकेट लगाउन खोज्छ भने ति सिन्डकेटधारीहरूलाई आम व्यवसायीहरू माझ सार्वजनिक गर्न र कानुनी कार्वाही गर्न लोकतान्त्रिक एशोसिएसनको नेतृत्वले कुनै कसर बाँकी राख्ने छैन भन्दै संम्बन्धीत निकायहरूमा ध्यानाकर्षणपत्रसहित खवरदारीसमेत गराएको आम व्यवसायीहरू अवगत नै हुनुहुन्छ ।

सिमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिन्डकेट वा एकाधिकार प्रवृति कुनै हालतमा लोकतान्त्रिक एशोसिएसनलाई स्वीकार्य छैन । केही साथीहरू भित्रभित्र मलेसिया रोजगारीको सिन्डकेटमा लगानी गरेर विभागीय मन्त्री नभएको अवस्थामा सिन्डकेटको लागी तीव्र लभिङ्ग गर्दै हुनुहुन्छ त कोही त्यही सिन्डकेट लगाउन रात दिन लागी परिरहेकाहरू बाहिर देखाउनको निमित्त सिन्डीकेट रोक्दीनु पऱ्यो भन्दै विरोधको नाटक मञ्चन गर्दै हिड्दै हुनुहुन्छ भन्ने सुन्नमा आएको छ । तसर्थ यस्ता द्धय चरित्र प्रस्तुत नगर्न नगराउनुहुन समेत ध्यानाकर्षण गराउँदै पून लोकतान्त्रिक एशोसिएसन हार्दिक अनुरोध गर्दछौ ।

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, र परराष्ट्र मन्त्रालय मन्त्री विहिन भएको अवस्थामा धमिलो पानीमा माछा मार्न खोज्दै हिडने केही सिन्डकेटधारी व्यवसायीहरूलाई आतंकित बनाउन हात धोएर बिहान एउटा मुख साँझ अर्को मुख देखाउदै लागी परेको हुँदा त्यस्ता समूहलाई पहिचान गरी कारवाहीको दायरामा ल्याउन नेपाल सरकार समक्ष जोडदार रूपमा माग गर्दछौ । साथै **नेपाल सरकार संग वार्ता तथा छलफल गरि यो समस्यालाई निराकरण गर्नको लागी नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिलाई हार्दिक अनुरोध गर्दछौं ।**

**दीपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं

मध्यान्ह
www.madhyanhadaily.com
१३ कातिक २०८२ बिहीबार
30 October 2025 Thursday

# ‘निर्वाचनमा जानेबाहेक विकल्प छैन’

**काठमाडौं/मस-** नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आगामी निर्वाचनमा जाने बाहेक देशसँग अर्को विकल्प नभएको बताएका छन् ।

बुधबारबाट सुरु भएको केन्द्रीय कमिटी बैठकमा बोल्दै उनले प्रधानमन्त्री सुशीला कार्कीको अभिव्यक्तिले सरकार टिक्ने वा नटिक्ने विषयमा शंका उत्पन्न भएको टिप्पणी गरे । उनले लोकतन्त्र, गणतन्त्र र मुलुकको हितका लागि आफ्नो पार्टीले वर्तमान सरकारलाई समर्थन गर्ने स्पष्ट सन्देश दिए । उनले भने, ‘अब चुनावमा जाने बाहेक विकल्प छैन । प्रश्न यो हो, चुनाव सम्भव होला ? यो सरकारले चुनाव गराउन सक्ला ? प्रधानमन्त्रीको अभिव्यक्ति सुन्दा सरकार रहिरहन्छ कि रहँदैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ । तर, हामी लोकतन्त्र, गणतन्त्र र संविधानको रक्षा गर्ने उद्देश्यका साथ अघि बढ्नेछौं । देशलाई विदेशीहरूको खेलमैदान हुनबाट जोगाउन, राष्ट्रिय सार्वभौमसत्ताको रक्षा गर्न र सहज राजनीतिक वातावरण निर्माण गर्न हाम्रो ध्यान केन्द्रित छ ।’



अध्यक्ष नेपालले सरकार उक्त पवित्र उद्देश्यका साथ अघि बढे आफूहरू पूर्ण साथमा रहने बताउँदै पार्टीका सबै नेता तथा कार्यकर्तालाई आगामी निर्वाचनको तयारीमा जुट्न निर्देशन दिए ।

उनले थपे, ‘हामीले अब चुनावको तयारीमा जुट्नुपर्छ । राम्रो परिणाम ल्याउने आत्मविश्वासका साथ अघि बढ्नुपर्छ । देश र जनताको अपेक्षा अनुसार हाम्रो पार्टीले काम गर्न सक्छ भन्ने विश्वासका साथ हामी अघि बढ्नेछौं ।’

यस्तै उनले केपी शर्मा ओली नेपालको इतिहासकै सबैभन्दा अहंकारी प्रधानमन्त्री भएको टिप्पणी गरे ।

अध्यक्ष नेपालले एमाले विभाजन गरेर नेकपा (एकीकृत समाजवादी) गठन गर्ने औचित्य पुष्टि नभएको भन्ने टिप्पणीलाई ओली सामु आत्मसमर्पण गर्नुबाहेक अरु केही नभएको स्पष्ट पारे ।

उनले भने, ‘एमाले विद्रोहको कुनै औचित्य थिएन, नयाँ पार्टी खोल्ने कुराको कुनै अर्थ थिएन भन्ने भन्नु भनेको केपी ओली सामु लम्पसार पर्ने र आत्मसमर्पण गर्ने कुरा बाहेक अरु केही होइन। यही सोचले हामीलाई नयाँ पार्टी निर्माण गरेर अघि बढ्न बाध्य बनायो ।’

नेपालले थपे, ‘सत्तामा बसेका अत्यन्तै अहंकारी प्रधानमन्त्री केपी ओलीलाई सत्ताबाट हटाउने काम भयो । उनको शासन प्रणाली र पार्टी सञ्चालनको शैलीका बारेमा हामी सबै भुक्तभोगी थियौं । त्यसैले हामीले तिनका विरुद्धमा लड्यौं, जुन औचित्यपूर्ण थियो । अहिलेका सबै घटनाक्रमले पनि त्यसलाई पुष्टि गरेको छ ।’

## विद्या...

बैठकले पूर्वराष्ट्रपति भइसकेका व्यक्तिको सदस्यता नवीकरण नगर्ने निर्णय लिएको थियो । त्यसलाई विधान महाधिवेशनले पनि उल्ट्याएन । तैपनि, संस्थापनइतर समूह भण्डारीलाई पार्टीमा फर्काउने कसरतमा छन् । उनको पक्षमा सचिवालय बैठकमै बहुमत पुगिसकेको दाबी सो समूहको छ । पछिल्लो बैठकमा उपाध्यक्षद्वय रामबहादुर थापा बादल र विष्णु पौडेलसमेत भण्डारीलाई रोक्न नहुने पक्षमा उभिए । त्यसले एमालेमा नयाँ ध्रुवीकरणको संकेत पनि गरेको छ । अघिल्लो सरकारमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री रहेका उपाध्यक्ष पौडेलले ओलीलाई छाडेका रूपमा पनि त्यसलाई अर्थ्याइएको छ । तर संस्थापनइतर समूहले विकल्पमा अर्को नेता अघि नसार्दा एमालेमा नेतृत्व हस्तान्तरणको विषयमै ओझेलमा परेको छ । ‘अब ओली वा विद्याभन्दा अरूबाटै विकल्प खोज्नुपर्छ । अन्यथा पार्टी पुनर्गठन र रूपान्तरणको एजेन्डा नै ओझेलमा पर्छ,’ शाक्यले भनिन् ।

पार्टी पंक्तिमा महाधिवेशनको सरगर्मी बढिरहेका बेला संस्थापनइतर पक्ष पूर्वराष्ट्रपति भण्डारीको सदस्यता विवादलाई पुनः एकपटक बैठकमा उठाउने तयारीमा देखिन्छ । कात्तिक १५ गते महाधिवेशन तयारीका लागि बस्ने सचिवालय बैठकमा सदस्यताको विषय उठ्ने उपाध्यक्ष सुरेन्द्र पाण्डे बताउँछन् । ‘पूर्वराष्ट्रपतिको सदस्यताको विषय च्याप्टर क्लोज भइसकेको होइन । पर्सीको बैठकले टुंगो लगाउँछ,’ उनले मध्यान्हसँग भने ।

संस्थापनइतर पक्षले महाधिवेशन तयारी बैठकमा रणनीतिक रूपमा सदस्यता नवीकरण मुद्दा उठाउन लागेको हो । ओली पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण गर्न तयार भए उनैलाई ११औं महाधिवेशनमा अध्यक्षको उम्मेदवार बनाउने तयारी छ । पार्टीमा फर्किए पनि उनी चुनाव लड्ने छैनन् । प्रधानमन्त्री हुने लोभमा उनी सक्रिय राजनीतिमा फर्किन लागेको आरोप चिर्न संस्थापनइतर समूहले यो प्रस्ताव अघि सारेको हो । ‘चुनाव नलडेर पार्टी चलाउँछु भन्न त पाइन्छ होला नि,’ भण्डारीनिकट एक नेताले भने ।

महाधिवेशनअघि भण्डारीलाई सदस्यता नदिइए यसैलाई मुद्दा बनाएर ओलीसँग भिड्न अर्को नेता तयार पार्ने रणनीतिमा यो समूह छ । महाधिवेशन नजिकिँदै जाँदा उपाध्यक्ष पौडेलसमेत भण्डारीको सदस्यताको पक्षमा उभिनुले ओलीसँग प्रतिस्पर्धा गर्ने नेताको खोजी भइरहेको सन्देश पनि दिएको छ । ‘अबको नेतृत्व कसले गर्ने भन्नेमा हामी छलफलमै छौं । केही दिनमै त्यसको टुंगो लाग्छ,’ उपाध्यक्ष पाण्डेले भने, ‘त्योभन्दा पहिले विद्या भण्डारीको सदस्यता नवीकरण टुंग्याउँछौं ।’

उपाध्यक्ष शाक्य सकेसम्म अध्यक्ष ओलीलाई ससम्मान बिदा गरेर पार्टी पुनर्गठन गर्नुपर्ने बताउँछिन् । ‘एमाले अप्ठेरोमा छ । हामीले अध्यक्ष कमरेडलाई पनि साथ सहयोग र माया गरेकै हो । माधव नेपालहरूले छाडेर जाँदा पनि अन्तरसंघर्ष गरेर बसेकै हो,’ शाक्य भन्छिन्, ‘तर अब अध्यक्षले ससम्मान बिदा लिनेबेला भयो । उहाँले नमाने विधि र प्रक्रियाबाटै भए पनि नेतृत्व परिवर्तन गर्नुपर्छ ।’

पार्टी संस्थापन भने ११औं महाधिवेशनअघि पूर्वराष्ट्रपति भण्डारीलाई सदस्यता दिने पक्षमा छैन । केन्द्रीय कमिटीले गरेको निर्णय सचिवालयले उल्ट्याउन नसक्ने तर्क गर्दै स्थायी कमिटी सदस्य राजन भट्टराई सिंगो पार्टी अब महाधिवेशनमा जुट्ने बताउँछन् । ‘हामीले केन्द्रीय कमिटीका ३ सय २८ जनाको विचार सुनिसकेका छौं । महाधिवेशन आउन अब धेरै समय छैन, सिंगो पार्टी त्यसैमा जुट्छ,’ उनले भने, ‘पर्सीको सचिवालय बैठक महाधिवेशको तयारीमै केन्द्रित हुनेछ ।’

पछिल्लो केन्द्रीय कमिटी बैठकमा बोल्ने ८५ प्रतिशतभन्दा धेरै सदस्यले ओलीको पक्षमा मुख खोलेका थिए । जेनजी विद्रोह र विध्वंशमा विदेशी षडयन्त्र रहेको भन्दै संस्थापनले पार्टी पंक्तिलाई सर्कुलर गरेको छ । अध्यक्ष ओली पुनः उठ्नेगरी अगुवा कार्यकर्तासँग भेटघाट तीव्र पारेका छन् । उनीनिकट एक नेताको दाबीअनुसार राष्ट्र र पार्टीका लागि असामान्य संकटका बेला नेतृत्व परिवर्तन गर्नु घातक हुने आममान्यता पार्टी पंक्तिमा विकास भइरहेको छ । त्यसले महाधिवेशनमा जोसुकै प्रतिस्पर्धामा आए पनि आफूले जित्नेमा ओली ढुक्क छन् । संस्थापनइतर दोस्रो तहका नेताहरू पनि ओलीले आफैं नछाडे प्रतिस्पर्धाबाट हटाउन कठिन हुने निष्कर्षमा छन् । त्यसले महाधिवेशनलक्षित ध्रुवीकरणसमेत प्रभावित हुने देखिन्छ ।

## चुनाव...

मुलुक आफूहरूले नै बनाउनुपर्ने बताइन् । ‘मुलुक हाम्रो हो, हामीले नै बनाउने हो,’ उनले भनेकी छन्, ‘हामीले नबनाए कसैले बनाइदिँदैन ।’

राजनीतिक दल र जेनजी सम्मिलित बैठक एकपटक बसेर नहुने र पटकपटक बस्नुपर्ने पनि उनको आग्रह छ । सुरुवातमा आ-आफ्ना विचार राख्ने र छलफललाई निरन्तरता दिइने उनले बताइन् ।

जेनजीका कुरा सुनेरै अगाडि बढ्न सबै तयार हुनु पनि उनले बताएकी छन् । प्रधानमन्त्री कार्कीको सचिवालयका अनुसार जेनजीले पनि उस्तै कुरा दोहोर्‍याएका छन्, ‘चुनाव चाहिएको छ, गर्नुपर्छ तर चुनाव चुनाव भनेर मात्र हुँदैन । मुख्य माग सुशासन हो । भ्रष्टाचारविरुद्धको कारबाही हो । यी एजेन्डामा सरकार अगाडि बढ्नुपर्छ ।’

## मलेसियाको....

रोजगारीमा काम गर्न अनुमति दिने गरी सिन्डिकेट खडा गर्ने दुष्प्रयास भइरहेको स्पष्ट देखिएको बताएको छ ।

मलेसियन सरकारको उक्त निर्णय र प्रस्तावले नेपाललगायत स्रोत मुलुकहरूमा सिन्डिकेट स्थापना गर्ने र केही सीमित व्यक्तिहरूको पक्षपोषण गर्ने/गराउने स्पष्ट संकेत दिएको भन्दै संघले भनेको छ, ‘त्यसले स्वस्थ प्रतिस्पर्धा, पारदर्शिता र समान रोजगारीका अवसरलाई कुल्चेर एकाधिकार बजार बनाउने भन्दै नेपाली श्रमिकहरूलाई आर्थिक भार थप्ने षड्यन्त्रले सम्पूर्ण व्यवसायीहरूमा स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने व्यावसायिक अधिकार, रोजगारी गर्ने श्रमिक अधिकार तथा नेपाल सरकारको श्रम नीतिलाई समेत कमजोर बनाउने संघको ठहर छ ।’

संघका महासचिव महेशकुमार बस्नेतद्वारा जारी विज्ञप्तिमा सिन्डिकेटविरुद्ध सम्पूर्ण व्यवसायीलाई एकजुट हुन आह्वान गर्दै सिन्डिकेटधारीहरूका प्रस्ताव वा सम्झौतामा सहभागी हुने, समर्थन गर्ने वा सहमति जनाउने कुनै पनि निकाय, व्यक्ति, व्यवसायी, संस्था वा समूहलाई संघले आवश्यक ठानेको जुनसुकै निर्णय लिन वा कारबाही गर्न पछि नहट्ने उल्लेख गरिएको छ ।

संघले यस अवस्थाप्रति श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र परराष्ट्र मन्त्रालयको समेत विशेष ध्यानाकर्षण गराउँदै यस्ता सिन्डिकेट प्रवृत्तिलाई कुनै पनि रूपमा स्वीकृति नदिन आग्रह गरेको छ ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले बिहीबारदेखि तीन दिनको समय दिएर सिन्डिकेटमा सहभागी नहुने प्रतिबद्धता जनाउन सम्पूर्ण व्यवसायीलाई समय दिइने बताए । उनले निर्धारित समयमा प्रतिबद्धता नजनाई सिन्डिकेटमा सहभागी भई भविष्यमा कुनै क्षति व्यहोर्नुपरेको अवस्थामा संघ जवाफदेही नबन्ने बताए ।

### एसोसिएसनको माग

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई वर्गीकरण गर्ने प्रयास नेपाल राष्ट्रकै सार्वभौमिक स्वतन्त्रता र वैदेशिक रोजगार व्यवसायीको स्वाभिमानमाथिको प्रहार भनेको छ ।

एसोसिएसन अध्यक्ष दीपक थापाले विज्ञप्ति जारी गर्दै सिन्डिकेटले रोजगारीका लागि मलेसिया जाने श्रमिकहरूलाई थप आर्थिक भार हुने र मलेसियाको रोजगारीको अवसरलाई केही सीमित व्यक्तिहरूले नियन्त्रणमा लैजाने बताएका छन् । म्यानपावर कम्पनीले दिने सेवाको मापदण्ड पन्छाएर संख्या र कार्यालयको क्षेत्रफल खोज्नु सर्वथा अनुचित र असम्भव प्रयास भन्दै एसोसिएसनले ४/५ महिनादेखि निरन्तर खबरदारी गरेको र कोही कसैले सिन्डकेट लगाउन खोजेमा सिन्डकेटधारीहरूलाई आम व्यवसायीहरूमाझ सार्वजनिक गर्न र कानुनी कारबाही गर्न कुनै कसर बाँकी नराख्ने बताएको छ ।

विज्ञप्तिमा मलेसिया रोजगारीको सिन्डकेटमा लगानी नगर्न आग्रह गर्दै एसोसिएसनले सिन्डकेटधारी व्यवसायीहरूलाई आतंकित बनाउन हात धोएर लागेका समूहलाई पहिचान गरी कारबाहीको दायरामा ल्याउन नेपाल सरकारसमक्ष माग गरिएको छ । त्यस्तै एसोसिएसनले मलेसिया रोजगारका विषयमा नेपाल सरकारसँग वार्ता तथा छलफल गरी समस्यालाई निराकरण गर्नका लागि संघ कार्यसमितिलाई अनुरोध गरेको छ ।

### मञ्चको विरोध

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अनैतिक र गैरकानुनी अभ्यासहरूले वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाउने सामूहिक प्रयासमा गम्भीर खतरा पुर्‍याउने बताएको छ । मञ्चका अध्यक्ष जनक रावलले विज्ञप्ति जारी गर्दै व्यवसायीहरूको संवैधानिक र कानुनी अधिकारको अनिवार्य रूपमा रक्षा हुनुपर्ने बताएका छन् ।

विज्ञप्तिमा मञ्चले भनेको छ, ‘केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थी समूहहरूले आप्रवासी कामदारहरूको भर्ना प्रक्रियामा एकाधिकार कायम गर्न नेपालबाट मलेसिया कामदार पठाउने व्यवसायीहरूको मूल्यांकनका लागि १० वटा अनावश्यक मापदण्ड तोक्ने प्रयासको उद्देश्य सीमित केही वैदेशिक रोजगार व्यवसायीलाई मात्र अनुमति दिई आर्थिक स्वार्थ पूर्ति गर्ने र अन्ततः सिन्डिकेट प्रणालीले पुनः जरो गाड्ने रहेको देखिन्छ ।’

सिन्डिकेटका अभ्यासहरू नेपालको संविधान र अन्तर्राष्ट्रिय श्रम कानुनअनुसार पूर्णरूपमा प्रतिबन्धित रहेको भन्दै मञ्चले अनैतिक र गैरकानुनी अभ्यासहरूले वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाउने सामूहिक प्रयासमा गम्भीर खतरा पुर्‍याउने बताएको छ ।

सिन्डिकेट गतिविधिहरूको परिणामस्वरूप मलेसियाका अन्य श्रम स्रोत मुलुकहरूमा कामदार हरूले अत्यधिक आर्थिक भार व्यहोर्नुपरेको र सो विषयलाई अन्तर्राष्ट्रिय मिडियाले समेत गम्भीर रूपमा उजागर गरेको भन्दै मञ्चले कुनै पनि वैदेशिक रोजगार व्यवसायीहरूलाई गैरकानुनी तथा अनैतिक गतिविधिमा संलग्न नहुन पनि आग्रह गरेको छ ।

सिन्डिकेटधारी समूहहरूले गैरकानुनी र स्वस्थ प्रतिस्पर्धाको मर्मविपरीत ठूलो रकम असुली गरी सीमित एजेन्सीहरूलाई मात्र कामदार पठाउने अधिकार दिने आश्वासन दिइरहेको भन्दै मञ्चले आफ्नो संस्था यस्ता गैरकानुनी गतिविधिमा संलग्न पाइएका कुनै पनि व्यक्ति वा संस्थालाई कानुनी दायरामा ल्याउन दत्तचित्त रहने बताएको छ ।

मञ्चले यस्ता गम्भीर विषयमा कुशल कूटनीतिक प्रयासमार्फत यस्ता विषयहरूको गहन अध्ययन र सरोकारवालाहरूसँग पर्याप्त छलफल गरेर मात्र निर्णय लिन आग्रह गरेको छ । गणतान्त्रिक मञ्च तथा एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थाले पनि इजाजतपत्र प्राप्त व्यवसायीहरूको संवैधानिक र कानुनी अधिकारको रक्षा गर्न आग्रह गरेका छन् ।

## बंगलादेशमा....

पठाएको भनिएको पत्रमा १५ नोभेम्बरसम्म मापदण्डअनुसारका म्यानपावर कम्पनीको सूची पठाउन समयसीमा तोकेको छ ।

मलेसियामा बंगलादेशका कामदार रोकिएको अवस्थामा कामदार पठाउन म्यानपावर कम्पनी सूचीकरण गर्ने मलेसियाको पत्रलाई बंगलादेशमा अवसरको ढोका खुला भएको भन्दै हर्ष व्यक्त गरिएको छ ।

## वैधताको....

सुनुवाइ सुरु भएको छ । पहिलो दिन सुनुवाइ गर्दै सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ ।

प्रतिनिधि सभा विघटनविरुद्ध परेका रिटमाथि सुनुवाइ गर्न सर्वोच्च अदालतले संवैधानिक इजलास नै गठन गरेको छ । संवैधानिक इजलासमा प्रधानन्यायाधीश प्रकाशमान सिंह, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र डा. मनोजकुमार शर्मा रहेका छन् । यही संवैधानिक बुधबार प्रतिनिधि सभा विघटनविरुद्ध परेको रिटमा सुनुवाइ भएको हो । सुनुवाइपछि संवैधानिक इजलासले विपक्षीहरूलाई सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश गरेको छ । विपक्षीहरूमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद्लगायत रहेका छन् ।

तर सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटनविरुद्ध अन्तरिम आदेश दिन भने अस्वीकार गरेको छ । संवैधानिक इजलासको आदेश भनिएको छ, ‘...साथै निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन माग दाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन ।’

रिट निवेदकहरूले भने प्रधानमन्त्री कार्कीको नियुक्ति गैरसंवैधानिक भएको, त्यसपछि गरिएको संसद् विघटन असंवैधानिक रहेको हुनाले तत्काल दीर्घकालीन निर्णयको कुनै पनि काम नगर्न/नगराउन अन्तरिम आदेश माग गरेका थिए । १६ वटा रिट निवेदनमाथि भएको सुनुवाइका क्रममा कानुन व्यवसायीले निर्वाचनबाहेकको अन्य काममा मुद्दा नटुंगिएसम्म रोक लगाउनुपर्ने माग गरेका थिए । केही कानुन व्यवसायीले निर्वाचनसहित अन्य काममा समेत रोक लगाउनुपर्ने माग गरेका थिए ।

अधिवक्ता डा. प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खडकबहादुर शाह, डम्बरप्रसाद शिवाकोटीले रिट दायर गरेका छन् । अधिवक्ता दलबहादुर धामी, अधिवक्ता प्रकाश भुजेल, आयुश भण्डारी, अधिवक्ता आभाष पोखरेल, ओमप्रकाश जंग शाह, अधिवक्ता विमल पोखरेल, अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा, अधिवक्ता शेरबहादुर रोकायाले पनि रिट दायर गरेका छन् ।

रिटको पक्षमा बहस गर्दै कानुन व्यवसायीहरूले सुशीला कार्की नेतृत्वको सरकार गठन र त्यसपछि उनको सिफारिसमा भएको प्रतिनिधि सभा विघटनलाई असंवैधानिक भनेका छन् ।

बहसको सुरुवात अधिवक्ता प्रेमराज सिलवालले गरेका थिए । उनले जनताले निर्माण गरेको संविधानमाथि जालसाजी गर्न नहुने जिकिर गरे ।

त्यसपछि वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले बहस गरे । उनले राष्ट्रपतिले संवैधानिक लिकबाहिर गएर सरकार गठन गरेको जिकिरसहित सरकार असंवैधानिक रहेको दलिल गरे ।

संविधानको धारा ७४ ले बहुलवादमा आधारित राज्यव्यवस्थाको कल्पना गरेको छ । यसकारण राजनीतिक दलहरूको सिफारिस र सहभागिता नभएको वर्तमान सरकार गैरसंवैधानिक रहेको उनको तर्क छ । सरकार गठन नै गैरसंवैधानिक भएको भन्दै उनले त्यसपछि संवैधानिक व्यवस्था मिच्ने शृंखलाबद्ध काम भएको बताए ।

संविधानको धारा १३२(२) मा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशलाई कुनै पनि सरकारी पदमा पुग्न निषेध गरिएको छ । यो संवैधानिक व्यवस्था स्मरण गर्दै उनले कार्की प्रधानमन्त्री हुँदा संविधानको व्यवस्था मिचिएको जिकिर गरे । ‘प्रतिनिधि सभा विघटनमा संविधानको धारा उल्लेख नभएको उल्लेख गर्दै उनले भने, ‘यो सरासर गैरसंवैधानिक हो ।’

वरिष्ठ अधिवक्ता एवं नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष शेरबहादुर केसीले पनि प्रधानन्यायाधीशले सरकारको नेतृत्व गर्नु गलत हुने बताए ।

सुशीला कार्की न्यायाधीश रहेका बेला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम मन्त्रिपरिषद्को अध्यक्ष नियुक्त गरिएको बारे परेको रिटका सन्दर्भमा फरक मत राखेको स्मरण गर्दै भट्टराईले भनेका छन्, ‘उहाँ पनि प्रधानमन्त्री बन्न मिल्दैनथ्यो ।’

वरिष्ठ अधिवक्ता एकराज पोखरेलले प्रतिनिधि सभाको गैरसदस्यले प्रतिनिधि सभा विघटन गरेको बताए । संविधानको धारा ७६ विपरीत गठन भएको प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न नसक्ने दलिल गरे ।

कानुन व्यवसायीका यी तर्क सुनेको सर्वोच्च अदालतको संवैधानिक प्रतिनिधि सभा विघटनविरुद्ध अन्तरिम आदेश दिन भने अस्वीकार गर्‍यो । निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिएको भनिदिएको छ । यसले तत्काललाई सरकारले राहत महसुस गर्न पाए तापनि सरकार संवैधानिक कसीमा भने बाँधिएको छ । लिखित जवाफ पाएपछि त्यससमेतका आधारमा सुनुवाइ गरेर सर्वोच्च अदालतले कुनै पनि बेला सरकारको वैधताबारे फैसला गर्न सक्छ ।

# सहज र छिटोछरितो सेवाप्रवाह गर्ने प्रमुख प्रशासकीय अधिकृत खनालको प्रतिबद्धता

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, १२ कात्तिक



सन्धिखर्क नगरपालिकामा नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृतका रूपमा हाजिर भएका नेपाल सरकारका युवा उपसचिव प्रमोद खनाललाई बुधबार भव्य स्वागत गरिएको छ ।

२०७५ सालदेखि निजामती सेवामा प्रवेश गरेका खनालले शाखा अधिकृतका रूपमा रुपन्देही, कपिलवस्तुका विभिन्न नगरपालिका तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित विभिन्न मन्त्रालय, विभाग र कार्यालयहरूमा कार्य अनुभव हासिल गरेका अनुभवी प्रशासक हुन् ।

सात वर्षभित्रै खुला प्रतिस्पर्धाबाट उपसचिवमा पदोन्नति भइ खनाल सन्धिखर्कमा पदस्थापन भएका हुन् ।

स्वागत समारोहमा सन्धिखर्क नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले प्रमुख प्रशासकीय अधिकृत खनाललाई बधाई दिँदै नागरिकका अपेक्षाहरू बुझी सीमित स्रोत साधनकाबीच असिमित आवश्यकताहरू पूरा गर्नुपर्ने जिम्मेवारी रहेको उल्लेख गरे ।

उनले राष्ट्रसेवक कर्मचारीहरूले सरल, सहज, छिटोछरितो र पारदर्शी सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए ।

नगरप्रमुख श्रेष्ठले भने, ‘युवा जोश र जागरका साथ अन्य ठाउँमा काम गरेको र विदेशमा अध्ययनको अनुभवलाई उपयोग गर्दै अघि बढ्नुहुनेछ भन्ने विश्वास लिएको छु । सन्धिखर्क नगरपालिका देशकै उत्कृष्ट नगरपालिकामध्ये पर्छ, हामीलाई सधैं सबैले हेर्ने र सोध्ने गर्दछन्। नागरिकलाई कुनै पनि बहानामा दुःख दिने, पैसा लिने, समयमै काम नगर्ने कार्य सह्य नहुनेछ । यस्तो गुनासो आए चौबीस घण्टाभित्र कानुन बमोजिम कारबाही हुनेछ ।’

श्रेष्ठले थपे, ‘जनतालाई मुस्कानसहित सेवा प्रवाह गर्न सबै कर्मचारी र जनप्रतिनिधिहरू एकजुट हुनुपर्छ। बसाइँसराइ र विदेश पलायन रोक्न स्थानीय सरकारले अग्रसर हुनुपर्ने समय आएको छ । आर्थिक विकास र रोजगारीका कार्यक्रम अघि बढाउँदै सन्धिखर्कलाई समृद्ध नगर बनाउन सबै पक्ष एक भएर लाग्नुपर्छ ।’

नगरउपप्रमुख मिश्रा आचार्यले पनि स्वागत गर्दै कर्मचारी र जनप्रतिनिधिहरूबीच एकता र समन्वयका साथ देखिने गरी काम गर्नुपर्ने बताइन् । उनले नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृतबाट कुशल नेतृत्वको अपेक्षा रहेको उल्लेख गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत खनालले नागरिकका काममा कार्यालय समय बाहेक पनि सहज र छरितो रूपमा काम गर्ने प्रतिबद्धता जनाए । उनले भने,‘हामी सबै कर्मचारीले आफ्नो पेशागत जिम्मेवारीका लागि सुत्ने बेलामा पनि कार्यालयको कामबारे सोचेर उर्जा र गतिशीलतासहित सेवा प्रवाह गर्नुपर्छ ।’

खनालले सन्धिखर्क नगरपालिका अन्य पालिकाहरूको तुलनामा भौगोलिक र सामाजिक रूपमा सन्तुलित रहेको जनाउँदै भने,‘हामी कर्मचारीहरूको टिमले जनप्रतिनिधिहरूको टिमसँग सहकार्य गर्दै परिणाममुखी कार्य गर्नुपर्छ। हाम्रो कामले नै नगरपालिकाको सफलता निर्धारण गर्छ । हामीले जागिरकै लागि होइन, जीवनमा गर्व गर्नलायक काम गर्नुपर्छ ।’

स्वागत कार्यक्रममा वरिष्ठ शाखा अधिकृत मञ्जु खनाल, वडा नं. १ का अध्यक्ष माधव श्रेष्ठ, वडा नं. २ का अध्यक्ष एवम् नगरप्रवक्ता मोतिजंग रायमाझी, वडा नं. ५ का अध्यक्ष ऋषभ अधिकारी, वडा नं. ८ का अध्यक्ष हुमप्रसाद बन्जाडे, वडा नं. ९ का अध्यक्ष पदमबहादुर भुसाल, वडा नं. १० का अध्यक्ष मोहनसिंह ठकुरी लगायत जनप्रतिनिधि, प्रशासकीय अधिकृतहरू, कर्मचारी र स्थानीय नागरिकको उपस्थिति रहेको थियो ।

कार्यक्रम नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठको अध्यक्षता, प्रशासक अधिकृत मुक्तिराम खनालको सञ्चालन र वरिष्ठ प्रशासकीय अधिकृत मञ्जु खनालको स्वागत मन्तव्यमा सम्पन्न भएको हो । कार्यक्रमपछि प्रमुख प्रशासकीय अधिकृत खनालले सबै कर्मचारीसँग परिचयात्मक बैठक राखी गुणस्तरीय र मुस्कानसहित सेवा प्रवाह गर्न निर्देशन दिएका छन् ।

# कार्यालय बन्द गरी चाबी गाउँपालिकालाई बुझाउँदै वडाअध्यक्ष मगर




**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १२ कात्तिक

रोल्पाको थबाङ गाउँपालिका-२ का वडाध्यक्ष अभिलाषा रोका मगरले बिहीबार वडा कार्यालय बन्द गरी कार्यालयको साँचो गाउँपालिकालाई बुझाउने घोषणा गरेका छन् । गाउँपालिकाले आम नागरिकका माग र विकास कार्यमा ध्यान नदिएको भन्दै वडाअध्यक्ष मगरले यस्तो घोषणा गरेका हुन् । मगरले जनताको माग पुरा नभएमा पदबाट राजीनामा दिने चेतावनी पनि दिएका छन् । उनका अनुसार, बर्खा सकिए पनि ग्रामीण सडकहरू खोल्न ढिलाइ, केन्द्रीय विद्युत् प्रसारण लाइनको काममा ढिलासुस्ती, गाउँपालिकाको उदासीनता जस्ता कारणले काम अघि बढाउन कठिन भएको छ ।

उनले भने, ‘जनताले सरसफाइ कहिले हुन्छ भनेर सोध्ने गर्छन् । ठेकेदार भोलि गर्छौं भन्छ, अर्को दिन फोन गर्दा फेरि भोलि भन्छ । यसरी एक महिना बित्यो र सरसफाइसमेत भएको छैन । मैले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई पनि अनुरोध गरेँ तर ध्यान दिइएन ।’

वडाअध्यक्ष मगरले कात्तिक १३ गतेबाट वडा कार्यालय बन्द गरी साँचो गाउँपालिकालाई बुझाउने, आवश्यकता अनुसार घर वा बाहिरबाट सेवा दिने योजना बनाएको जानकारी दिए ।

उनले भने, ‘माग सम्बोधन नभएमा जनताको बीचबाटै राजीनामा दिने सोच राखेको छु । काम भएमा कार्यालय फर्केर सेवा दिनेछु । हामी जनप्रतिनिधि भत्ता खान मात्र आएका होइनौं, जनताको माग पूरा गर्नु हाम्रो जिम्मेवारी हो ।’ थबाङ गाउँपालिका अध्यक्ष ऋषिकेशव बुढा मगरले आफू हाल विशेष कामका लागि चितवनमा रहेकोले गाउँपालिका पुगेर सत्यतथ्य बुझ्ने बताए ।

# गेरुवामा विद्यालय अनुगमन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १२ कात्तिक



बर्दियाको गेरुवा गाउँपालिकामा बालविवाह न्यूनीकरण परियोजनाअन्तर्गत विद्यालय तथा युवा महिलाद्वारा सञ्चालित व्यवसायहरूको अनुगमन गरिएको छ ।

प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप)को साझेदारीमा सञ्चालित परियोजनाअन्तर्गत अनुगमन टोलीले गेरुवा-४ गिदर पुरस्थित सरस्वती आधारभूत विद्यालय र गेरुवा-५ मा युवा अन्जु थारुद्वारा सञ्चालित बंगुर फारमको अवलोकन गरेको हो ।

विद्यालयका प्रधानाध्यापक नारायण पौडेलका अनुसार परियोजनाको सहयोगमा विद्यालयमा आचारसंहिता र बाल संरक्षण नीति तयार गरी कार्यान्वयनमा ल्याइएको छ । साथै बाल क्लब गठन गरी विभेदरहित सिकाइ वातावरण निर्माण र बाल संरक्षणका विषयमा निरन्तर पैरवी हुँदै आएको जानकारी उनले दिए ।

विद्यालयमा फोकल शिक्षक, गुनासो पेटिका, आराम कक्ष तथा स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । त्यस्तै, विपद् व्यवस्थापन योजना पनि विद्यालय सुधार योजनामा समावेश गरिएको छ ।

अन्जु थारुद्वारा सञ्चालित बंगुर फारमको पनि टोलीले निरीक्षण गरेको थियो । फारममा युवतीहरूको उद्यमशीलता विकास र आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्य राखिएको परियोजनाका प्रतिनिधिहरूले जानकारी दिएका छन् ।

गाउँपालिका अध्यक्ष जमानसिंह के.सी.का अनुसार बालविवाह अन्त्यका लागि पालिकाले निरन्तर प्रयास गरिरहेको छ र आगामी दिनमा यस अभियानलाई अझ प्रभावकारी रूपमा अघि बढाइनेछ ।

अनुगमन टोलीमा अध्यक्ष के.सी., उपाध्यक्ष लक्ष्मी चौधरी, शिक्षा शाखा प्रमुख नवराज अधिकारी, महिला तथा बालबालिका शाखा प्रमुख रमा पुन मगर, र साझेदार संस्थाका प्रतिनिधिहरू सहभागी थिए ।

# राष्ट्रिय सभा रिक्त सदस्यको निर्वाचन माघमा



**काठमाडौं /मस-** राष्ट्रिय सभा रिक्त सदस्यको निर्वाचन आगामी माघ ११ गते हुने भएको छ ।

बुधबार अपरान्ह सिंहदरबारमा बसेको मन्त्रीपरिषद् बैठकले राष्ट्रिय सदस्यमा रिक्त रहेको सदस्य पदको निर्वाचनको मिति तय गरेको हो । राष्ट्रिय सभा सदस्यको रिक्त पदपूर्तिका लागि २०८२ माघ ११ गते आइतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय गरिएको सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिएका छन् ।

२०७६ सालको निर्वाचनबाट निर्वाचित १९ सदस्यको कार्यकाल आगामी फागुन महिनाबाट सकिनेछ । १९ सदस्यमध्ये एक जना वामदेव गौतम राष्ट्रपतिबाट मनोनीत सांसद हुन् भने बाँकी १८ पदका लागि निर्वाचन हुनेछ । राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनअनुसार पद रिक्त हुनुभन्दा ३५ दिन अगावै निर्वाचन सम्पन्न गर्नुपर्ने कानुनी व्यवस्था छ । राष्ट्रिय सभाका सदस्यको पदावधि २० फागुनमा सकिँदैछ, त्यसको आधारमा निर्वाचन माघ ११ मा तोकिएको हो ।

त्यसैगरी बैठकले राष्ट्रपति रामचन्द्र पौडेलको चार दिने कतारको औपचारिक भ्रमण पनि स्वीकृत गरेको छ । कतारको दोहामा आयोजना हुने सेकेन्ड वल्ड समिट फर सोसल डेभलपमेन्ट विषय कार्यक्रममा सहभागी हुन राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा २०८२ कात्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमण स्वीकृत गर्ने निर्णय पनि गरिएको मन्त्री खरेलले बताए ।

नेपाल र मोरिससबीच भएको दोहोरो करमुक्ति सम्झौता अन्त्य गर्ने निर्णय भएको छ । संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन २०७३ को अनुसूचि २ मा हेरफेर गर्ने निर्णय भएको छ । यसमा स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय भएको हो । राष्ट्रिय सभा सदस्यको रिक्त पदपूर्तिका लागि २०८२ माघ ११ गते आईतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय भएको छ । त्यस्तै गरेर कतारको दोहामा आयोजना हुने सेकेन्ड वल्ड समिट फर सोसल डेभलपमेन्ट विषय कार्यक्रममा सहभागी हुन राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा २०८२ कात्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमण स्विकृत गर्ने निर्णय भएको छ ।

छापाखाना र प्रकाशन सम्बन्धि दोस्रो संशोधन नियमावली २०८२ स्वीकृत गर्ने निर्णय भएको छ । यस अन्तर्गत अब अनलाइनको दर्ता र नविकरण यो स्वीकृत गर्ने निर्णय भएसँगै राजपत्रमा प्रकाशित भएपछि लागु हुने बताइएको छ ।

त्यसैगरी सरकारले छापाखाना र प्रकाशन सम्बन्धि दोस्रो संशोधन नियमावली २०८२ स्वीकृत गरेको छ । अनलाइनको दर्ता र नविकरणका लागि गरिएको सो निर्णय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन २०७३ को अनुसुचि २ मा हेरफेर गरिएको छ । मन्त्री खरेलले सांसदहरुको स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय कार्यान्वयनका लागि सो निर्णय गर्नुपरेको स्पष्ट पार्नुभयो । सरकारले नेपाल र मौरिसस सरकारबीच भएको दोहोरो करमुक्ति सम्झौता पनि अन्त्य गरेको छ ।

# सामाजिक सञ्जाल कहिल्यै बन्द हुँदैन : सञ्चारमन्त्री



**काठमाडौं /मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन टेलिभिजनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले पत्रकारहरूसँग अन्तरक्रिया गरेको छ । मन्त्रालयले पहिलो पटक अनलाइन टिभीका प्रतिनिधिहरूसँग छलफल गरी राय सुझाव लिएको हो ।

ती सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूले चौथो पुस्ताको पत्रकारितालाई सुदृढ र सशक्त बनाउनुपर्ने, पेसागत व्यावसायिकता, विश्वसनियता, गुणस्तर र जिम्मेवार बनाउनुपर्नेमा जोड दिएका छन् ।

छलफलका क्रममा उनीहरूले अनलाइन टिभीलाई मूलधारको मिडियाका रूपमा मान्यता दिइ राज्यकोतर्फबाट लोककल्याणकारी विज्ञापनलगायत अन्य सहुलियतका लागि पहल गरिदिन मन्त्रालयलाई आग्रह गरेका थिए ।

सञ्चारमन्त्री जगदिश खरेलले अनलाइन टिभीलाई नयाँ मूलधारको मिडियाको रूपमा स्थापित गर्न पहल गरिने विश्वास व्यक्त गरे । उनले अनलाइन टिभीको भूमिका अबको सूचनाको मुख्य माध्यमका रूपमा विस्तार भइरहेको भन्दै सरकारले अनलाइन सञ्चारमाध्यमलाई जिम्मेवार, व्यवस्थित र सशक्त बनाइने विश्वास व्यक्त गरे ।

सञ्चारमन्त्री खरेलले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण प्रक्रिया सूचना विभागमार्फत नै हुनेगरी व्यवस्था मिलाइएको जानकारी दिए ।

मन्त्रिपरिषद् बैठकबाट अनलाइन दर्ता र नवीकरणसम्बन्धी नियमावली पारित भई केही दिनमै राजपत्रमा प्रकाशित हुने जानकारी दिए । सञ्चारमन्त्री खरेलले सरकार नागरिक पत्रकारिता कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेमा संवेदनशील भएको र नयाँ मूलधारका माध्यमहरूले सरकारले प्राथमिकतामा राखेको फागुन २१ को निर्वाचनको पक्षमा सूचना सम्प्रेषण गरेर सहयोग गर्न आग्रह गरे ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेलले सामाजिक सञ्जाल कहिल्यै पनि बन्द नहुने र बन्द नगरिने विश्वास व्यक्त गरे । उनले नयाँ मूलधारको मिडिया वा कुनै पनि सञ्चारमाध्यम बन्द हुन नहुने स्पष्ट पारे । सञ्चारमन्त्री खरेलले भने, 'म सञ्चारमन्त्रीको हैसियतले स्पष्ट पार्न चाहन्छु, सामाजिक सञ्जाल र नयाँ मूलधारको मिडिया कहिल्यै पनि बन्द हुनुहुँदैन र बन्द गरिदने छैन । कुनै पनि प्रकारका मिडिया बन्द गरिनु हुँदैन र त्यस्तो हुनेछैन ।'

मन्त्री खरेलले सामाजिक सञ्जाल व्यवस्थित र जिम्मेबार बनाउनुपर्छ र सबै जिम्मेवार बन्नुपर्छ भन्ने सरकारको धारणा रहेको स्पष्ट पारे । उनले नयाँ मूलधारका मिडियाका प्रतिनिधिलाई तालिमका लागि मन्त्रालयले पहल गर्ने विश्वास व्यक्त गरे ।

अन्तरक्रियामा अनलाइन टिभी संघका अध्यक्ष जीवन भण्डारीले अनलाइन टिभीहरूलाई पनि सरकारले लोक-कल्याणकारी विज्ञापन दिनुपर्नेमा जोड दिएका थिए । उनले अनलाइन टिभीलाई व्यवस्थित गर्न सूचीकरण, पत्रकार प्रशिक्षण, डिजिटल साक्षरता अभियान तथा सामाजिक सुरक्षाका लागि पहल गरिदिन आग्रह गरे ।

त्यस्तै लोकसञ्चारकर्मी संघका अध्यक्ष चन्द्रमणि गौतमले लोकसञ्चारकर्मीहरूले सम्पूर्ण लोकका लागि पत्रकारिता गर्दै आएको र मुलुकको धार्मिक, सांस्कृतिक पर्यटनका लागि कलम चलाउँदै आएको जानकारी दिए ।

उनले डिजिटल सञ्चारको नियमन र प्रवर्द्धनमा प्रभावकारी काम गरिनुपर्नेमा जोड दिए । डिजिटल मिडिया अलाइन्सका उपाध्यक्ष मोनिका सिंहले अनलाइन मिडियालाई मूलधारका मिडियासरह सहुलियत र व्यवस्थित गर्न जरुरी भएको बताए ।

# नेपालमा बर्सेनि ५० हजार बढीलाई मस्तिष्कघात



**काठमाडौं /मस-** नेपालमा हरेक वर्ष मस्तिष्कघातका कारण ५० हजार बढी मानिस प्रभावित हुने गरेको पाइएको छ । नेपाल पक्षघात संघले गरेको अध्ययनअनुसार प्रत्येक वर्ष नेपालमा मस्तिष्कघातका कारण ५० हजारदेखि ६० हजार मानिस प्रभावित हुने गरेका छन् ।

नेपाल पक्षघात संघका निवर्तमान अध्यक्ष तथा ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका वरिष्ठ न्यूरोलोजिष्ट डा.राजु पौडेलका अनुसार नेपालमा प्रत्येक १० मिनेटमा एकजनामा मस्तिष्कघात हुने गरेको छ ।

'मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार अवरुद्ध हुँदा हुने गम्भीर अवस्था हो । मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी हुँदा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ । यसलाई नै मस्तिष्कघात भनिन्छ,' डा. पौडेलले भने ।

उनका अनुसार समयमै उपचार नगरे मस्तिष्क सधैंका लागि क्षतिग्रस्त हुने र बिरामीको ज्यानसमेत जाने जोखिम हुन्छ । नेपालमा मस्तिष्कघातको अवस्थाबारे गहिरो अध्ययन र उपचार सुधारका लागि सन् २०१७ मा नेपाल पक्षघात संघ स्थापना गरिएको हो । संघले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालिम प्रदान गर्दै मस्तिष्कघात उपचारका लागि अन्तर ाष्ट्रिय मापदण्ड तय गर्ने काम गर्दै आएको छ ।

हालै उक्त संघले जर्मनीको युनिभर्सिटी हस्पिटल हाइडलबर्गको सहकार्यमा 'हिमालय अन्तर्राष्ट्रिय मस्तिष्कघात सम्मेलन' सम्पन्न गरेको छ । उक्त सम्मेलनमा एक दर्जनभन्दा बढी देशका ५ सय भन्दा बढी चिकित्सक तथा स्वास्थ्यकर्मी सहभागी थिए । साथै, जिआइजेड, विश्व स्वास्थ्य संगठनलगायत संस्थासँग सहकार्य गर्दै नेपालका लागि मस्तिष्कघातसम्बन्धी गाइडलाइन तयार गर्ने काम सम्पन्न भएको डा.पौडेलले जानकारी दिए ।

संघले मस्तिष्कघातसम्बन्धी निर्देशिका तयार गरी सरकारले बुझाइसकेको छ । साथै, देशभरका अस्पतालहरूमा मस्तिष्कघातको अवस्थाको सूचीकरण गर्ने, बिरामीको अवस्थाको तथ्यांक संकलन गर्ने लगायत कार्यहरू पनि भइरहेको छ । डा.पौडेलका अनुसार नेपालमा मस्तिष्कघात भएकामध्ये करिब एक तिहाइले अकालमै ज्यान गुमाउँछन् । विश्वमा हरेक चार जनामध्ये एक जनामा पक्षाघात हुने सम्भावना रहन्छ, र तीन सेकेन्डमा एक जनालाई मस्तिष्कघात हुन्छ ।

विश्वभर हरेक वर्ष करिब १ करोड २० लाख मानिस मस्तिष्कघातबाट प्रभावित हुने गरेका छन् । तीमध्ये ५० प्रतिशतले ज्यान गुमाउँछन् भने करिब १० करोडले पुनर्जीवन पाएका छन् ।

नेपालजस्ता विकासोन्मुख देशहरूमा मस्तिष्कघातको दर अझ बढी रहेको र सरकारले यसप्रति तत्काल ध्यान दिनु जरुरी रहेको डा.पौडेलको भनाइ छ । नेपालमा मस्तिष्कघात भएकामध्ये १५ देखि २० प्रतिशत बिरामीको मृत्यु हुने तथ्यांक रहेको उनले बताए । डा.पौडेलका अनुसार उच्च रक्तचाप, मधुमेह, मोटोपन, धूमपान, निष्क्रिय जीवनशैली, असन्तुलित आहार र मुटुको चाल गडबड हुँदा मस्तिष्कघातको सम्भावना बढ्छ । सन्तुलन गुम्नु, अनुहार बांगो हुनु, आँखाको ज्योति अचानक हराउनु, बोली लरबरिनु, हातखुट्टा लुलो हुनु जस्ता लक्षण देखिए चार घण्टाभित्र अस्पताल पुगेमा उपचार सम्भव हुन्छ ।

मस्तिष्कघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर उपचार गर्नुपर्छ। साथै, बिरामीलाई नियमित फिजियोथेरापी पनि अत्यावश्यक हुन्छ । नेपालमा भौगोलिक विकटता, सीमित स्रोतसाधन र दक्ष जनशक्तिको अभावका कारण मस्तिष्कघात उपचार अझै चुनौतीपूर्ण बनेको छ । तर, समयमै रोगको पहिचान र उपचार भएमा बिरामीलाई पूर्ण रूपमा निको पार्न सकिने डा. पौडेलले बताए ।

# स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गर्न टोली परिचालन गरिने




**काठमाडौं /मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पछिल्लो पटक स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि सातवटै प्रदेशमा टोली परिचालन गर्ने निर्णय गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रत्येक प्रदेशमा विशेषज्ञसहितको टोली परिचालन गर्ने निर्णय गरिएको जानकारी दिए ।

उनका अनुसार नर्सिङ कर्मचारीका समस्यासहित तलब तथा सेवासुविधासम्बन्धी, जेनजी प्रदर्शनका क्रममा भएका घाइतेको वर्गीकरण, जेनजी क्लिनिक सञ्चालनको अवस्थालगायत क्षेत्रमा भएका समस्याबारे अध्ययन गरी समाधानका गर्नका विकल्प पहिल्याउन उक्त टोली खटाइने छ ।

उक्त टोलीले समस्या समाधानका लागि संघीय, प्रादेशिक एवं स्थानीय तहका सम्बन्धित निकायको समन्वयमा छलफल तथा सहजीकरण गर्नेछ । यस्तै मन्त्रालयले मातहतका विभाग, केन्द्र र महाशाखालाई परिवर्तित सन्दर्भमा जनचाहना बमोजिम स्वास्थ्य क्षेत्रको क्षेत्रगत सुधार गर्न सम्बन्धित कार्यक्रमको कार्ययोजना पनि प्रस्तुत गर्न भनिएको मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले उल्लेख गरे ।

ती निकायलाई अल्पकालीन/तत्कालीन (३० दिनभित्र सम्पन्न हुनसक्ने), मध्यकालीन (६० दिनभित्र सुरुवात हुने) र दीर्घकालीन (सुदूर भविष्यमा प्रभाव पार्ने) सूची पठाउन निर्देशन दिइएको उनले जानकारी दिए । मन्त्रालय मातहतका विभाग तथा संघीय अस्पतालबाट हुने सार्वजनिक खरिद प्रक्रिया, औषधि दर्ता प्रक्रियालाई पारदर्शी र जनमैत्री बनाउन निर्देशन दिइएको उनले बताए । मन्त्रालय मातहतका निकायबाट सम्पादन कार्यको बारेमा आउने गुनासाका तत्काल सम्बोधन गर्न पनि निर्देशन दिइएको छ ।


## सामाजिक विकास कार्यालय
धनगढी, कैलाली

**E-Bidding मार्फत बोलपत्रआवहन सम्बन्धी सुचना**

**पहिलो पटक प्रकासित मिति:२०८२/०७/१२**

यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत कार्याक्रम अन्तर्गत तपसिलका कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्म र कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सुचना पेश गरिएको छ । विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| s.n | Contrac Identification Number | Description of Work | Estimated Amount |
|---|---|---|---|
| 1 | SDO/Works/ NCB/2082/083/3 | Construction of Boundary wall in Rastriya Ma vi,Ghodaghidna pa -08, kailali | 99,99,147.90 |
| 2. | SDO/WORKS/ NCB/2082/083/4 | Construction of Gate and Boundary wall in Mahunyal Ma vi,Gauriganagna pa -05, kailali | 27,97,254.98 |
| 3 | SDO/WORKS/ NCB/2082/083/4 | Jaycees Everest School ko Aduro Bhawan Nirman Dhangadhi-02, Kailali | 24,99,686.35 |

Government of Nepal
## Department of Water Supply and Sewerage Management
## Water Supply and Sewerage Management Office
Besishahar, Lamjung

**Notice for the Intent to Accept the Bid**

**Date of publication: 2082/07/13 (30th October 2025)**

As per the section 27(2) for the purpose of section 47 and 27 (3) of the Public Procurement Act 2063, this is to notify to all the concerned bidders that our intention is to award the following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract Identification No. | Name and Address of the Contractor | Accepted Bid Amount (With VAT and PS) NRs |
|---|---|---|---|
| 1 | IFB/17/2081/082/ Works/FWSSMP/Lamjung | Cap-Yug J.V., New road, Pokhara-8, Kaski | 1,90,25,101.07 |

Office Chief

## चाहियो
व्यवसायको लागि "लगानी पार्टनर" चाहियो!
सम्पर्क नं. ९८४९१६०३५९ (कृष्णा)

## मोटरसाईकल हराएको सूचना
मिति २०८२/०६/३१ गते २०:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.-३ गट्ठाघरबाट पार्किङ गरि राखेको बा.प्र-०२-०५९ प ९२६९ नंम्बरको कालो रङको ३५० सिसिको क्लासिक बुलेट मोटरसाइकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।
सवारी धनी: एम.ए.डब्लु. हायर पर्चेज प्रा. लि.
ऋणी : अस्मित थापा
च्यासिस नं.: ME3J3C5FFSN000933
इन्जीन नं.: J3A5FFS2051077
सम्पर्क: ९८५१२२४५८४

## कतारमा रोजगार
कम्पनी : Budget Hypermarket Wll — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ — चलानी नं.: ६०२४४१५९ — L.T.No.: 330134 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashiers | 0 | 36 | सम्बन्धित काममा दक्ष | 1300 | ५०,२५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 56 | 0 | | 1300 | ५०,२५८ | | | | | | | |

अन्तर्वार्ता भरतपुर गार्डेन रिसोर्ट चितवनमा २०८२ कार्तिक १७ गते (3 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता एसियन पार्टी प्यालेस रुपन्देहीमा २०८२ कार्तिक १८ गते (4 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कातिृक १९ गते (5 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता ग्राण्ड पासिफिक होटल झापामा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।

यसै कम्पनीको लागि कुवेत र ओमानमा पनि विभिन्न पदको लागि माग भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

मध्यान्ह
www.madhyanhadaily.com
१३ कात्तिक २०८२ बिहीबार
30 October 2025 Thursday

## सम्पादकीय

# सकारात्मक सुरुवात

प्रधानमन्त्री सुशीला कार्कीले जेनजी विद्रोहका अगुवा र राजनीतिक दलहरूसहित त्रिपक्षीय छलफल गरेकी छन् । युवा आन्दोलन र लगत्तैको विध्वंशबाट जननिर्वाचित सरकार ढलेपछि कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको थियो । आउँदो फागुन २१ मा आमचुनाव गर्ने मुख्य कार्यभार लिएर गठन भएको सरकारले पर्याप्त राजनीतिक संवाद नगरेको भन्दै दलहरूले असन्तुष्टि पोख्दै आएका थिए । प्रधानमन्त्री कार्कीले झन्डै एक महिना दलहरूसँग कुनै औपचारिक छलफल गरिनन् । त्यसले चुनावप्रति संशय मात्र उब्जाएन, सरकार र दलहरूबीच अविश्वास बढ्दै गयो । चुनावप्रति इमानदार हुनुपर्ने सरकारले दलहरूलाई नै उपेक्षा गरेको भन्दै चर्को आलोचना पनि गरियो । अन्ततः प्रधानमन्त्री कार्की विघटित प्रतिनिधि सभामा प्रतिनिधित्व रहेका दलहरूसँग छलफलमा बस्न तयार भइन् । त्यसले राजनीतिक संवादहीनताको अन्त्य गरेको छ । बुधबार जेनजी अगुवा र दलका प्रतिनिधिसहितको त्रिपक्षीय छलफललाई त्यसैको कडी मानिएको छ ।

मुलुक लामो समयसम्म अन्तरिम सरकारको भरमा चल्न सक्दैन । जेनजी विद्रोहपछिको असहज परिस्थितिमा संविधानका छिद्र खोजेर पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरिएको हो । ६ महिने कार्यादेश पाएको यो सरकार जेनजी आन्दोलनकारी र सत्ता गुमाएका दलहरूको दोहोरो दबाबमा छ । आन्दोलनकारी शक्ति अघिल्लो सरकारका प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायत नेतालाई पक्राउ गरेर कारबाही गर्नुपर्ने अडानमा छ । पूर्वप्रधानमन्त्रीत्रय ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डलाई जेलमा राखेर चुनाव गर्नुपर्ने अतिवादी समूह पनि छ । अर्कोतर्फ दलहरू सरकार सुशासनका नाममा शीर्ष नेताहरूविरूद्ध प्रतिशोध साध्न लागेको भन्दै सशंकित छन् । बुधबारको छलफलमा पनि जेनजी अगुवाहरूले चुनावमा मात्र चित्त नबुझाउने प्रस्टैसँग भनेका छन् ।

सरकारले भ्रष्टाचारको छानबिन र सुशासनमा ध्यान दिनुपर्ने उनीहरूको माग छ । दुवै शक्तिलाई मिलाएर तोकिएको मितिमै आमचुनाव गराउन सक्नु कार्की सरकारका लागि चुनौती र अवसर दुवै हुन् । आमचुनावमा अर्जुनदृष्टि लगाउन सके मात्र सरकारमाथि लागेको दिशाविहीनताको आरोप खण्डन हुनेछ । त्यसका लागि जेनजी अगुवाहरू, दलहरू, नागरिक अगुवालगायत सरोकारवाला पक्षसँग निरन्तर संवाद गर्ने र चुनावी वातावरण बनाउनेतर्फ नै सरकार केन्द्रित हुनुपर्छ ।

# जेनजी विद्रोह र भ्रष्टाचार संस्कृति

*भ्रष्टाचार केवल कानुनी वा प्रशासनिक समस्या होइन- यो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सबै तहमा जरा गाडेको अवस्था हो । त्यसैले यसको समाधान पनि बहुआयामिक हुनुपर्छ ।*

अग्रलेख



● दीपेश घिमिरे




भदौ २३ र २४ मा भएको जेनजी विद्रोहले नेपाली राजनीतिक परिदृश्यमा ठुलो परिवर्तन ल्यायो । यो विद्रोहले सत्ता नै उल्ट्यायो र देशभर यसलाई 'भ्रष्टाचारविरुद्धको विद्रोह' भनेर चिनियो । तर यो साँच्चिकै भ्रष्टाचारविरुद्धको आन्दोलन थियो कि राजनीतिक असन्तोषको विस्फोट मात्रै भन्ने बहस अझै जारी छ ।

भदौ २३ र २४ का घटनालाई अलग-अलग रूपमा हेर्नुपर्नेहुन्छ । भदौ २३ गतेको घटनालाई हेर्दा स्पष्ट हुन्छ कि जेनजी पुस्ताले सुरु गरेको आन्दोलन केवल तत्कालीन सरकारद्वारा लगाइएका सामाजिक सञ्जाल प्रतिबन्धको विरोध मात्रै थिएन । त्यो प्रतिबन्ध त एउटा 'ट्रिगर' थियो तर आन्दोलनको मूल सार भनेको लामो समयदेखि चल्दै आएको संस्थागत भ्रष्टाचार र त्यसबाट सिर्जित असमानताविरुद्धको असन्तोष थियो । जेनजी पुस्ता देशमा घटेका अनगिन्ती भ्रष्टाचारका काण्डहरूका साक्षी बनेर हुर्किएको हो । उनीहरूले देखेका छन् कि भ्रष्टाचारले शिक्षामा असमानता ल्याएको छ, स्वास्थ्यमा पहुँच घटाएको छ, रोजगारीका अवसर सीमित पारेको छ र समग्रमा सामाजिक गतिशीलतालाई कुण्ठित बनाएको छ । यसै कारणले यो आन्दोलनलाई तात्कालिक राजनीतिक प्रतिक्रिया मात्र नभई संरचनागत अन्यायविरुद्धको आवाजका रूपमा पनि बुझ्न सकिन्छ ।

जेनजी आन्दोलनले खासगरी भ्रष्टाचार र त्यसबाट उत्पन्न आर्थिक असमानतामाथि प्रहार गरेको देखिन्छ । धनी र गरिबबीचको खाडल बढ्दै जाँदा, राज्यको दोहनबाट लाभान्वित उच्च वर्गका सन्तानले विलासितायुक्त जीवन बिताइरहेका छन् भने आमनागरिक आर्थिक कठिनाइमा बाँचेका छन् । जसले युवा पुस्तामा असन्तोषको ज्वारभाटा सिर्जना गर्‍यो । उनीहरूका लागि यो केवल राजनीतिक परिवर्तन होइन, नैतिक शुद्धताको माग पनि थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका संस्थाले गरेका विभिन्न अध्ययनले बारम्बार देखाएका छन् कि कर्मचारीतन्त्रमा पनि भ्रष्टाचार व्यापक छ । तर आन्दोलनमा भने राजनीतिज्ञ र ठुला नेता नै मुख्य निशानामा परे । यसले बुझाउँछ कि जनताले सानो स्तरको घुसभन्दा ठुला, नीतिगत र संरचनागत भ्रष्टाचारलाई बढी खतरनाक ठानेका छन् । यद्यपि, तथ्यांकहरूले कर्मचारी तन्त्रमा 'खुद्रे भ्रष्टाचार' बढी देखाउँछन्, ठुला भ्रष्टाचार भने राजनीतिक तहमा केन्द्रित छ । देशका ठुला काण्ड, ठुला ठेक्का र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा प्रायः राजनीतिक पहुँच भएका व्यक्तिहरूसँग जोडिएका छन् ।

हालका वर्षमा 'नेपो बेबी' अर्थात् नेता पुत्रपुत्रीहरूको विषय पनि चर्चामा रह्यो । सत्तामा बसेका अभिभावकहरूले राज्यको दोहनबाट सञ्चित सम्पत्तिको फाइदा सन्तानहरूले उठाइरहेको आरोपले आमजनतालाई झस्कायो । यो केवल न्यायको प्रक्रिया होइन, सामाजिक चेतनाको परिणाम पनि हो- जनताले अब वंशाणुगत विशेषाधिकार अस्वीकार गर्न थालेका छन् ।

नेपालमा अख्तियार, सतर्कता केन्द्र, संसद्जस्ता संस्था भ्रष्टाचार नियन्त्रणका लागि स्थापना गरिए पनि ती प्रभावकारी हुन सकेका छैनन् । संविधानले अख्तियारको अधिकार संविधानले नै सीमित बनाएको छ । अख्तियारले केवल सार्वजनिक पद धारण गरेका व्यक्तिहरूमाथि मात्र अनुसन्धान र मुद्दा दायर गर्न सक्छ । तर भ्रष्टाचार भने सार्वजनिक क्षेत्रभन्दा बाहिर व्यापारिक, राजनीतिक, निजीदेखि भूमिगत तहसम्म फैलिएको छ । यही कारणले धेरैले अब 'उच्च सम्पत्ति छानबिन आयोग' गठन गर्नुपर्ने माग गरेका छन्, जसले सबै नागरिकको सम्पत्ति र आयस्रोतको पारदर्शी छानबिन गरोस् ।

नेपालको इतिहास हेर्दा, भ्रष्टाचार कुनै नयाँ प्रवृत्ति होइन । प्राचीन कालदेखि नै विभिन्न स्वरूपमा यो समाजमा जरा गाड्दै आएको छ । केवल यसको दायरा र प्रभावमा फरक छ । पहिले सीमित केही व्यक्तिहरूमा सीमित भ्रष्टाचार थियो भने अहिले यो गाउँगाउँसम्म पुगेको छ । भ्रष्टाचार अब केवल अपराध होइन, सामाजिक व्यवहारमा रूपान्तरण भइसकेको छ, एक किसिमको 'संस्कृति' नै बनिसकेको छ । चार पुस्तादेखि घुस दिएर काम गर्ने प्रवृत्ति निरन्तरता पाइरहेको छ, जसले अब संस्कृतिको रूप लिएको मान्न सकिन्छ ।

नेपालको निर्वाचन प्रणालीले पनि भ्रष्टाचारलाई बढाएको छ । एक सांसदलाई मासिक तलब करिब ६०-६५ हजार मात्र छ । तर उनीहरूले निर्वाचनमा करोडौं रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ । यति ठुलो आर्थिक लगानीको प्रतिफल खोज्दा राजनीतिमा पैसाको प्रभुत्व बढेको छ । जससँग पैसा छ, ऊ राजनीतिमा जित्छ, जससँग इमान छ तर स्रोत छैन, ऊ पराजित हुन्छ । यसरी निर्वाचन नै पैसामुखी बनेपछि नीतिगत भ्रष्टाचार संस्थागत रूपमा मौलाउने कुरा स्वाभाविक हो ।

नीतिगत र संस्थागत कमजोरी पनि यस समस्याका मूल कारण हुन् । भ्रष्टाचारको 'जरा' माथिल्लो तहमा हुन्छ तर हामी तलका हाँगाहरू काट्दै व्यस्त छौं । मन्त्रीस्तर र मन्त्रिपरिषद् स्तरमै हुने निर्णय अख्तियारको क्षेत्राधिकारबाट बाहिर राख्नाले कानुनी जालो कमजोर बनाएको छ । नीति बनाउने, कार्यान्वयन गर्ने र निगरानी गर्ने निकायबीचको द्वन्द्वले भ्रष्टाचारको जरो बलियो बनाइरहेको छ ।

संस्कृतिको तहमा पनि समस्या गहिरो छ । जब कुनै समाजमा घुस दिनु र लिनु 'सामान्य व्यवहार' बन्न पुग्छ, त्यसबेलादेखि नै त्यो भ्रष्टाचार 'संस्कृति' बन्छ । हजुरबुबादेखि छोरासम्म एउटै काम गर्न एउटै तरिका अपनाइरहेको छ भने त्यो अब केवल अपराध होइन, जीवनशैली बनिसक्छ । यही कारणले नेपालको भ्रष्टाचार कुनै आकस्मिक घटना होइन, संरचनागत संस्कृति बनेको छ ।

सुशासनको सवालमा पनि समस्या जिम्मेवारी नलिने प्रवृत्तिमा छ । वडा स्तरदेखि लिएर मन्त्रालय र प्रधानमन्त्री कार्यालयसम्म जिम्मेवारी बोकेका व्यक्तिहरूले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्न सकेका छैनन् । नागरिक तहमा पनि उत्तरदायित्वको कमी छ । हाम्रा मतदाताहरूले भोट दिनेबेला आत्ममूल्यांकन नगरेर दोषपूर्ण प्रणालीलाई निरन्तरता दिएका छन् ।

संविधानले २०७२ सालमै 'अनुचित कार्य'सम्बन्धी कारबाहीको प्रावधान गरेको थियो तर एक दशक बितिसक्दा पनि त्यसको कार्यान्वयनका लागि आवश्यक कानुन बनेको छैन । संसदले जनताको विश्वास जोगाउने अवसर गुमाएको छ । यसैले सुशासन अभावको जिम्मा केवल कार्यपालिका होइन, व्यवस्थापिकामाथि पनि आउँछ ।

> *जेनजी पुस्ताले सुरू गरेको आन्दोलन केवल तत्कालीन सरकारद्वारा लगाइएका सामाजिक सञ्जाल प्रतिबन्धको विरोध मात्रै थिएन । त्यो प्रतिबन्ध त एउटा 'ट्रिगर' थियो तर आन्दोलनको मूल सार भनेको लामो समयदेखि चल्दै आएको संस्थागत भ्रष्टाचार र त्यसबाट सिर्जित असमानता विरूद्धको असन्तोष थियो ।*

भ्रष्टाचार केवल कानुनी वा प्रशासनिक समस्या होइन- यो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सबै तहमा जरा गाडेको अवस्था हो । त्यसैले यसको समाधान पनि बहुआयामिक हुनुपर्छ । कानुनी सुधार, नीतिगत परिमार्जन, संस्थागत सबलीकरण र राजनीतिक इच्छाशक्ति यी सबै एकसाथ अघि बढे मात्र परिवर्तन सम्भव छ । भ्रष्टाचार नियन्त्रण 'एक रातको चमत्कार' पनि होइन, दीर्घकालीन प्रयास हो ।

यदि भ्रष्टाचार गरेर कमाइएको नाफाभन्दा त्यसको जोखिम र सजाय उच्च बनाइयो भने मात्रै डर सिर्जना हुन्छ । अहिलेको अवस्थामा उल्टो छ-भ्रष्टाचार गर्नेले जोखिमभन्दा बढी लाभ पाउँछ । त्यसैले कानुन र संस्थालाई बलियो बनाउनैपर्छ । साथै, सेवाप्रवाह प्रणालीलाई डिजिटल र पारदर्शी बनाउँदै नागरिकलाई कार्यालय धाउन नपर्ने प्रणाली विकास गर्न जरुरी छ ।

नेपालले इन्डोनेसियाको जस्तो अनुभवबाट पनि सिक्न सक्छ । त्यहाँ सुहार्तो शासनपछि सुधार र राजनीतिक इच्छाशक्तिले देशलाई केही हदसम्म कम भ्रष्ट राष्ट्रको श्रेणीमा पुर्‍याएको छ । नेपालले पनि यस्तै सुधारात्मक बाटो समाते भने भ्रष्टाचार नियन्त्रण असम्भव होइन ।

भ्रष्टाचार केवल शासनको रोग होइन, समाजको पनि दर्पण हो । जब नागरिक, नीति निर्माता, कर्मचारी र नेता सबैले मिलेर पारदर्शिता, उत्तरदायित्व र इमानदारीको संस्कार विकास गर्छन्, तब मात्र सुशासन सम्भव हुन्छ । जेनजी विद्रोह त्यसैको सुरुवात हो- सत्ताको होइन, संस्कृतिको परिवर्तनका लागि भएको आन्दोलन ।

**(लेख, कुराकानीमा आधारित छ ।)**

## इतिहासमा आज

३० अक्टोबर २०१३ मा भारतको आन्ध्र प्रदेश (हाल तेलंगाना)को महाबुबनगर जिल्लामा बसमा आगलागी हुँदा ४५ जनाको मृत्यु र सात जना घाइते भएका थिए ।



३० अक्टोबर २०२० मा ग्रिस र टर्कीको बीचमा रहेको एजियन सागरमा ७.० रेक्टर स्केलको भूकम्पले सुनामी निम्त्याएको थियो । जसले भवनहरू भत्किँदा कम्तीमा १ सय १९ जनाको मृत्यु भएको थियो ।



३० अक्टोबर २०१४ मा प्यालेस्टाइन राज्यलाई युरोपेली संघको सदस्य राष्ट्र स्विडेनले पहिलोपटक आधिकारिक रूपमा मान्यता दिने घोषणा गरेको थियो ।



३० अक्टोबर १९८३ मा सात वर्षको सैन्य शासनपछि अर्जेन्टिनामा पहिलो प्रजातान्त्रिक चुनाव भएको थियो ।



# युवालाई नीतिगत रूपमै समेट्नुपर्छ

विचार



● खगेन्द्र पौडेल

> *युवाको सहभागिता यत्तिकै हुन सक्दैन । युवालाई राजनीतिको मूलधारमा ल्याउन राज्यको नीतिगत भूमिका पनि महत्वपूर्ण हुन्छ । स्थानीय तहदेखि संघीय तहसम्म युवाको प्रतिनिधित्व बढाउन कानुनी रूपमै प्रावधान आवश्यक छ । जेनजी आन्दोलनपछि बनेको सरकारले त्यतातर्फ पनि भूमिका खेल्नुपर्छ ।*

नेपालमा युवालाई राजनीतिको मूलधारमा ल्याउने सवाल अहिलेको समयको अत्यन्त महत्वपूर्ण विषय बनेको छ । देशको जनसंख्या संरचनामा युवाको हिस्सा ठुलो भए पनि उनीहरूको राजनीतिक सहभागिता न्यून रहँदै आएको वास्तविकता छ । हरेक निर्वाचनमा युवाको मत निर्णायक भूमिका खेल्ने भए पनि निर्णय लिने तहमा उनीहरू प्रायः अनुपस्थित छन् । यस अवस्थाले देशको लोकतान्त्रिक अभ्यासलाई कमजोर तुल्याउँदै आएको छ । त्यसैले अब युवालाई केवल मतदाता होइन, नीति निर्माता र नेतृत्वकर्ताका रूपमा सक्षम बनाउने प्रयास आवश्यक भएको छ ।

नेपालको राजनीतिक इतिहासमा युवाको भूमिका सदैव निर्णायक रहँदै आएको छ । राणा शासनको अन्त्यदेखि २०४६ सालको जनआन्दोलन १० वर्षे सशस्त्र युद्ध र २०६२/६३ को लोकतान्त्रिक आन्दोलन युवाले अग्रपंक्तिमा रहेर परिवर्तनको दिशा तय गरेका थिए । पछिल्लो जेनजी आन्दोलन युवाकै नेतृत्व र पहलकदमीमा भएको हो । तर विडम्बना के भने, ती परिवर्तनका फल भोग भने प्रायः पुराना पुस्ताका नेताहरूले गरे । युवा पुस्ता आन्दोलनमा अग्रणी भए पनि निर्णय प्रक्रियामा पछाडि परे । यसले राजनीतिक प्रणालीमा उमेरका आधारमा बनेको असमानता र अवसरको कमीलाई उजागर गर्छ ।

आजको युवापुस्ता शिक्षित, प्राविधिक ज्ञानयुक्त र विश्व दृष्टिकोण भएको पुस्ता हो । उनीहरूमा राजनीतिक चेतना उच्च छ तर त्यस चेतनालाई व्यावहारिक राजनीति र नीति निर्माणमा रूपान्तरण गर्ने अवसर पाएका छैनन् । दलहरूले युवालाई केवल नाराका रूपमा प्रयोग गर्छन्, 'युवाको हातमा देशको भविष्य' भन्ने वाक्य प्रयोग त गर्छन् तर जब निर्णय लिनेबेला आउँछ, त्यही युवा किनारामा पारिन्छ ।

युवालाई राजनीतिको मूलधारमा ल्याउन सबैभन्दा पहिले राजनीतिक दलहरूले आफ्ना संरचनामा वास्तविक अवसर दिनु जरुरी छ । युवा संगठन वा विद्यार्थी संगठनमा सीमित गरेर होइन, पार्टीका केन्द्रीय तह, नीति निर्माण समिति र निर्णय प्रक्रियामा युवाको सहभागिता सुनिश्चित हुनुपर्छ । उमेर र अनुभवबीच सन्तुलन कायम गर्न सकिए मात्र पार्टीमा नवीन सोच र गतिशीलता आउनेछ । दलहरूमा अहिले देखिएको जडता र नेतृत्वको पुनरावृत्तिको समस्या तब मात्र टुट्न सक्छ जब नयाँ पुस्ता नेतृत्वमा आउने अवसर पाउँछ ।

युवाको सहभागिता यत्तिकै हुन सक्दैन । युवालाई राजनीतिको मूलधारमा ल्याउन राज्यको नीतिगत भूमिका पनि महत्वपूर्ण हुन्छ । स्थानीय तहदेखि संघीय तहसम्म युवाको प्रतिनिधित्व बढाउन कानुनी रूपमै प्रावधान आवश्यक छ । जेनजी आन्दोलनपछि बनेको सरकारले त्यतातर्फ पनि भूमिका खेल्नुपर्छ ।

युवाको राजनीतिक सहभागिता बढाउन आधुनिक प्रविधिको उपयोग पनि आवश्यक छ । सामाजिक सञ्जाल र डिजिटल मञ्च युवाको विचार अभिव्यक्त गर्ने ठुलो माध्यम बनेका छन् । ती माध्यमलाई केवल विरोध र व्यंग्यका रूपमा होइन, नीति संवाद र सुझावको प्लेटफर्मका रूपमा उपयोग गर्न सकिन्छ । अनलाइन विचार विनिमय, नागरिक बजेटिङ र सार्वजनिक नीतिमा डिजिटल सहभागिताजस्ता अभ्यासले युवालाई राज्यका निर्णयमा प्रत्यक्ष रूपमा जोड्न सक्छन् । यसले उनीहरूको आवाज सुन्ने र नीति निर्माणमा त्यसको प्रभाव पार्ने अवसर दिनेछ ।

युवालाई राजनीतिको मूलधारमा ल्याउने काम केवल राज्य, दल वा संस्थाको जिम्मेवारी होइन, स्वयं युवाले पनि सक्रिय भूमिका खेल्नुपर्छ । उनीहरूले अवसरको प्रतीक्षा होइन, अवसर सिर्जना गर्ने साहस गर्नुपर्छ । जेनजी आन्दोलनमार्फत जसरी युवाहरूले साहस देखाए त्यसैगरी सामाजिक अभियान, स्वैच्छिक काम, स्थानीय नेतृत्व र नीति बहसमा सहभागिता जनाउँदै उनीहरूले आफूलाई प्रस्तुत गर्नुपर्छ । राजनीतिको सफाइ, पारदर्शिता र जबाफदेहिताको माग गर्न उनीहरू अग्रपंक्तिमा रहनुपर्छ ।

नेपालको भविष्य युवाको हातमा छ भन्ने कुरा केवल नारा होइन, तथ्य हो । देशले रूपान्तरणको बाटो समात्न सक्ने क्षमता युवामै छ । यदि अहिलेको पुस्ताले आफ्नो जिम्मेवारी बुझे र देशले तिनलाई निर्णय गर्ने ठाउँ दियो भने नेपाली राजनीति केवल सत्ताको खेल होइन, सेवा र सुधारको माध्यम बन्न सक्छ ।

## सामाजिक सञ्जाल




**हरि रोका**

पञ्चायत कालमा भूमिगत गिरोहले समानान्तर सत्ता चलाउँछ भन्थे । प्रजातन्त्रमा सत्ताका दलाल जन्मिए, तिनले लोकतन्त्रमा नेपोवेवी र क्रोनिज जन्माए । के जेनजीपछि फेरि देश भूमिगत गिरोह फर्केको हो ? मन्त्री को पक्रने, भगाउने निर्णय बाहिरै रचिन्छन् भन्ने समाचार पो बग्रेल्ती छापिन्छन् त, कुरो के हो ?




**डा. मुकुल ढकाल**

फागुन २१ को चुनावले देशलाई निकास दिन्छ भन्नेहरू कि त एजेन्ट हुन्, कि त अबुझ हुन् । यो चुनाव भइहाले देशको समयको बरबादी मात्र होइन, झन् ठुलो, मिलाउनै नसकिने तहको गम्भीर राष्ट्रिय संकटमा जान्छ । यसर्थ, तत्काल सर्वपक्षीय राजनीतिक सहमति गरेर देशलाई निकास दिनु आजको अपरिहार्य आवश्यकता हो ।



**आभूषण तिम्सिना**

प्रजातन्त्रवादी हुनु अपराध होइन, राजावादी हुनु पनि अपराध होइन । लोकतन्त्रमा आफ्नो वादको बहस गर्न पाइन्छ । तर आफ्नो वादलाई जिताउन जनमत जुटाउन लाग्ने हो, पाँडे गाली, कुतर्क, वाहियात कुरा गर्नु चाहिँ सही होइन । आफ्नो वादको प्रतिरक्षा गर तर गाली गलौजमा उत्रियौ भने तिम्रै मुखौटा उत्रिन्छ ।



**गोपी के. खनाल**

दसैं-तिहारको बिदा लामो भयो घटाउनुपर्छ भन्ने तर्क अब कमजोर साबित भएको छ । यो बिदाले यसपटक पर्यटनलाई ठुलो राहत दियो । नेपालमा आन्तरिक पर्यटन बढ्दो छ । अब शनिबार र आइतबार बिदा दिँदा अर्थतन्त्रलाई राम्रै योगदान गर्नेछ । बिदालाई तास र दारुमा खेर फाल्नेहरू पातलिइसकेका छन् ।

# काठमाडौं महानगरका ५६ हजार बढी नागरिक स्वास्थ्य बिमामा आबद्ध

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै उल्लेखनीय प्रगति गरेको छ। अहिलेसम्ममा ५६ हजार ६ सय ७३ जना काठमाडौं महानगरवासी स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका छन् । तीमध्ये १३ हजार ५ सय ७५ जना ज्येष्ठ नागरिक, १ हजार ८५ जना अपाङ्गता भएका व्यक्ति र एचआईभी संक्रमित २ जना रहेका छन् ।

आर्थिक वर्ष २०८१/०८२ मा महानगरपालिकाबाट १ लाख ९४ हजार १ सय ९३ जनाले विभिन्न स्वास्थ्य सेवा प्राप्त गरेका छन् । तीमध्ये ८४ हजार ७ सय ४ जनाले बहिरङ्ग सेवा लिएका थिए । यस अवधिमा ३० वटा स्वास्थ्य संस्था दर्ता र नविकरण गरिएको छ भने १ सय २० वटा स्वास्थ्य संस्थाको अनुगमन गरिएको छ ।



त्यसैगरी, १ हजार ८७ जनाको विपन्न नागरिक उपचारका लागि शिफारिस गरिएको छ भने वेवारिसे, विपन्न र वेसहाराका २ सय १० जनालाई निःशुल्क उपचार सेवा प्रदान गरिएको छ ।

नसर्ने रोग स्क्रिनिङ् महाअभियान अन्तर्गत २६ हजार १९ जनाको जाँच गरिएको छ । किशोरीहरुको रक्तअल्पता स्क्रिनिङ् कार्यक्रममा २ हजार ३ सय किशोरीको परीक्षण गरिएको र १ हजार २ सय २२ पिन्ट निःशुल्क रगत तथा रक्त तत्व वितरण गरिएको महानगरले जनाएको छ ।

काठमाडौं महानगरका वडा नम्बर १, ८, १०, १२, २६ र ३० बाट भिडियो एक्स-रे सेवा प्रारम्भ गरिएको छ। अहिले ३२ वटै वडामा स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना गरिएको छ । तीमध्ये ३१ वटा वडामा प्रयोगशाला र फिजियोथेरापी सेवा सञ्चालनमा छन् । साथै, महानगरभित्र १ प्राथमिक स्वास्थ्य केन्द्र, ६ सुरक्षित गर्भपतन सेवा केन्द्र, १ वैकल्पिक चिकित्सा तथा आयुर्वेदिक संस्था र १ अक्युपङ्चर सेवा पनि सञ्चालनमा छन् ।

ज्येष्ठ नागरिकलाई लक्षित गर्दै ७० वर्ष पूरा गरेका व्यक्तिहरूले प्रयोग गर्ने दीर्घ रोगका औषधिहरुको लगत संकलन सुरु गरिएको छ । २४ घण्टा निःशुल्क एम्बुलेन्स सेवा निरन्तर जारी राखिएको छ। पर्व तथा विशेष अवसरमा २५ वटा स्वास्थ्य शिविर सञ्चालन गरी करिब १५ हजार नागरिकलाई स्वास्थ्य सेवा र परामर्श प्रदान गरिएको महानगरले जनाएको छ । डेङ्गी नियन्त्रणका लागि विशेष अभियानसमेत सञ्चालन गरिएको थियो ।

यस आर्थिक वर्षमा १६ हजार १८८ जनाले खोप सेवा प्राप्त गरेका छन् । स्वयम् सेविकामार्फत ५९ हजार ६२० जनाले सेवा पाएका छन् ।

१० देखि १९ वर्ष उमेर समूहका ७३ हजार ८९२ किशोर-किशोरीलाई पोषण कार्यक्रमअन्तर्गत आइरन र फोलिक एसिड वितरण गरिएको छ। यस अवधिमा १३ हजार ६६० शिशुको जन्म भएको थियो, जसका लागि गर्भवती र सुत्केरी आमालाई आवश्यक स्वास्थ्य सेवा, भिटामिन ए र आइरन चक्की प्रदान गरिएको थियो ।

बालबालिकाका लागि २०७३ वैशाखदेखि २०७५ असोजबीच जन्मिएका बालबालिकाहरुलाई ओरल पोलियो खोप कार्यक्रम सञ्चालन गरिएको थियो ।

२ लाख ३६ हजार १७२ बालबालिकामध्ये २ लाख १४ हजार १६५ जनाले (९०.६८ प्रतिशत) खोप पाएका थिए । ५ वर्षमुनिका ६६ हजार ५१९ बालबालिकालाई रोग नियन्त्रणका लागि लक्षित गरिएको थियो ।

प्रजनन् उमेरका महिलाका लागि गरिएको क्यान्सर परीक्षण शिविरमा ३ हजार १६ जना सहभागी भएका थिए । तिनमध्ये ६ सय ७० जनाको मेमोग्राम, ३ सय ७० जनाको स्तन परीक्षण, ५ जनाको वायोप्सी गरिएको थियो, जसमा १ जनामा क्यान्सर पाइएको थियो ।

त्यस्तै, सामुदायिक विद्यालयका ११ हजार ६ सय ३७ विद्यार्थीको आँखा परीक्षण गरिएको छ । नसर्ने रोगको अध्ययनका क्रममा १९ हजार २ सय ७७ जनामध्ये ८.४ प्रतिशतले नियमित धुम्रपान गर्ने, २३.१ प्रतिशतले कहिलेकाहीँ मद्यपान गर्ने र ७८.६ प्रतिशतले कहिल्यै सेवन नगर्ने जनाएको सर्वेक्षणले देखाएको छ ।

महानगरले स्वास्थ्य क्षेत्रका लागि ९० करोड ५१ लाख ५७ हजार ३ सय रुपैयाँ बजेट विनियोजन गरेको थियो । यसमध्ये आन्तरिक स्रोतबाट ५५.६४ प्रतिशत वित्तीय प्रगति र ७६ प्रतिशत भौतिक प्रगति भएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेटमा क्रमशः ९३.२६ र ९६.५१ प्रतिशत वित्तीय प्रगति तथा दुवैको भौतिक प्रगति शतप्रतिशत रहेको छ। कुल मिलाएर स्वास्थ्य क्षेत्रमा ६५.८६ प्रतिशत वित्तीय प्रगति भएको महानगरले जनाएको छ ।

गएको वर्षका सिकाइका आधारमा अब महानगरले स्वास्थ्य बिमा प्रथम विन्दु विस्तार, केन्द्रीय प्रयोगशाला सञ्चालन, सेवाग्राहीको डिजिटल हेल्थ प्रोफाइल तयार पार्ने, प्राथमिक उपचार तालिम, लिटिल डाक्टर कार्यक्रम, आँखा-दाँत-रक्तअल्पता स्क्रिनिङ र ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्ने योजनालाई कार्यान्वयन गरिरहेको छ ।

# स्वास्थ्य बिमाको रकम रोकिँदा अस्पतालमा आर्थिक संकट




**सुवास लामिछाने/मध्यान्ह**
चितवन, १२ कात्तिक

चितवन माडी नगरपालिका-३ बसन्तपुरस्थित बघौंडा अस्पतालमा सुगर, प्रेसर र दमका औषधि सकिँदा बिरामीहरू खाली हात फर्कनुपर्ने अवस्था बनेको छ । अस्पतालले आगामी दुई महिनासम्म औषधि अभाव रहन सक्ने भन्दै बिरामीहरूलाई औषधि उपलब्ध भएको सुनिश्चित गरेर मात्र टिकट काट्न आग्रह गरेको छ ।

अस्पतालका अनुसार मधुमेहका बिरामीले नियमित सेवन गर्नुपर्ने मेटफर्मिन र ग्लिमिपिराइड मिश्रित औषधि तथा उच्च रक्तचाप र मुटुका बिरामीले प्रयोग गर्ने टेल्मिसार्टन र हाईड्रोक्लोरथायाजाइड मिश्रित औषधिसहित स्वास्थ्य बिमाबाट निःशुल्क वितरण हुने धेरै औषधिको अभाव देखिएको छ ।

औषधि अभावका कारण सुगर, प्रेसर र दमका बिरामीहरूले स्वास्थ्य बिमाबाट पाउने औषधि बाहिरका औषधि पसलबाट महँगो मूल्यमा खरिद गर्नुपर्ने बाध्यता भएको छ। अस्पतालमा सर्जिकल सामग्री र प्रयोगशाला सामग्री भने हाल पर्याप्त रहेको जनाइएको छ।

स्वास्थ्य बिमा बोर्डबाट २०८१ साल कात्तिक महिनादेखि रकम नआएपछि अस्पताल गम्भीर आर्थिक संकटमा परेको अस्पतालले जनाएको छ। गत आर्थिक वर्षको मात्र करिब ३ करोड ३० लाख रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको अस्पतालका सूचना अधिकारी टंक बसेलले जानकारी दिए ।

आर्थिक कठिनाइबीच पनि अस्पतालले औषधि खरिद प्रक्रिया अघि बढाइसकेको र यसका लागि माडी नगरपालिका स्वास्थ्य शाखा तथा प्रदेश जनस्वास्थ्य कार्यालयसँग सहयोगको आग्रह गरिएको बसेलले बताए ।

गत आर्थिक वर्ष (२०७९/८०) मा टेन्डरमार्फत खरिद गरिएका औषधिको पूरा भुक्तानी गर्न नसकेको अस्पतालले स्पष्ट पारेको छ । बिरामीहरूले अनावश्यक दुःख नपाउन् भन्ने उद्देश्यले सूचना जारी गरिएको अस्पतालले जनाएको छ ।

# त्रिविको शैक्षिक क्यालेन्डर : परीक्षा लिएको ३ महिनाभित्रै नतिजा



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले यस वर्षदेखि सुरु हुने शैक्षिकसत्रका लागि 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरेको छ। त्रिविले यसै शैक्षिकसत्रका लागि स्नातक तह वार्षिक परीक्षा र सेमेष्टर प्रणाली तथा स्नातकोत्तर तह सेमेष्टर प्रणालीको 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरेको हो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा.खड्ग केसीले त्रिविको प्राज्ञिक परिषद्बाट निर्णय गरेर नै 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरिएको जानकारी दिए । उनले समयमा नै कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशन गर्नका लागि 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरिएको बताए । उनले त्रिविका ६४ आंगिकसहित सम्बन्धनप्राप्त क्याम्पस र ४४ केन्द्रीय निकायलाई 'शैक्षिक क्यालेन्डर'अनुसार कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशन गर्न निर्देशनसमेत दिइसकेको जानकारी दिए ।

त्रिविले स्नातक तहको चार वर्षे वार्षिक कार्यक्रम र आठ सेमेष्टर प्रणाली तथा स्नातकोत्तर तहका चार वटा सेमेष्टर प्रणालीको 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरेको हो । 'शैक्षिक क्यालेन्डर'अनुसार स्नातक तह सेमेष्टर प्रणालीको भर्ना परीक्षा फारम यही कात्तिकसम्म, प्रवेश परीक्षा, भर्ना र कक्षा सञ्चालन मंसिरलाई तोकिएको छ ।

स्नातक तहतर्फ आठ वटा सेमेष्टर भएकाले निर्धारित समममा भर्ना, कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशित गर्ने कार्यतालिका शैक्षिक क्यालेन्डरमा रहेको छ। प्रथम सेमेष्टरको परीक्षा यही २०८२ चैतभित्र र परीक्षाफल २०८२ असारमा प्रकाशित गर्ने क्यालेन्डरमा उल्लेख गरिएको छ।

यस्तै, स्नातक तहको आठ सेमेष्टर निर्धारित चार वर्षमा सक्नेगरी क्यालेन्डर बनाइएको छ। आठ सेमेष्टरको कक्षा सञ्चालन २०८६ माघमा, परीक्षा २०८७ जेठ र परीक्षाफल प्रकाशित २०८७ भदौमा गर्ने उल्लेख छ । यस्तै स्नातक तहको वार्षिक कक्षाका लागि साउनदेखि मंसिरसम्म भर्ना र मंसिरदेखि कक्षा सञ्चालन, २०८३ वैशाखमा परीक्षा फारम भर्ने, २०८३ साउनमा परीक्षा र २०८३ कात्तिकमा परीक्षाफल प्रकाशन गर्ने क्यालेन्डरमा उल्लेख गरिएको छ ।

यस्तै, वार्षिक कक्षाअन्तर्गत चार वर्षको अध्ययन २०८५ चैतमा सक्ने त्रिविको लक्ष्य रहेको छ । चौथो वर्षको कक्षा सञ्चालन २०८४ चैतमा सुरु, २०८५ को कात्तिकमा परीक्षा फारम भर्ने, सोही वर्षको पुसमा परीक्षा र चैतमा परीक्षाफल प्रकाशित गर्ने कार्यतालिका क्यालेण्डेरमा उल्लेख गरिएको छ । यस्तै त्रिविले स्नातकोत्तर तहको सेमेष्टर प्रणालीअन्तर्गतको यस शैक्षिकसत्रदेखि सञ्चालन हुने पढाइको पनि शैक्षिक क्यालेन्डर सार्वजनिक गरेको छ ।

क्यालेन्डर अनुसार २०८२ सालको शैक्षिकसत्रका लागि प्रथम सेमेष्टरको भर्नाका लागि फारम वितरण यही मंसिरमा, पुसमा प्रवेश परीक्षा, माघदेखि कक्षा सञ्चालन, परीक्षा जेठ र २०८३ भदौमा परीक्षाफल प्रकाशित गर्ने कार्यतालिका रहेको छ । यस्तै २०८२ सालमा भर्ना भएका विद्यार्थी २०८४ मंसिरमा पढाइ पूरा गर्नेछन् । शैक्षिक सत्रको चौथो सेमेष्टरको कक्षा सञ्चालन २०८४ वैशाख, परीक्षा भदौ र परीक्षाफल सोही वर्षको मंसिरमा हुनेछ ।

# डोल्पामा अनुमतिबिना ड्रोन उडाए कारबाही



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १२ कात्तिक

हिमाली जिल्ला डोल्पामा अनुमति बिना ड्रोन उडाए कारबाही गरिने भएको छ। जिल्ला प्रशासन कार्यालयले बुधबार एक सूचना निकाल्दै अनुमति बिना ड्रोन (मानवरहित हवाई उपकरण) उडाउने कार्य नगर्न सबैलाई आग्रह गरेको छ ।

प्रशासनले सूचना जारी गर्दै ' मानवरहित हवाई उपकरण ड्रोन उडान सम्बन्धी कार्यविधि, २०७५' विपरीत निषेधित वा नियन्त्रित क्षेत्रमा ड्रोन उडान गर्न नपाइने स्पष्ट गरेको छ । सूचनामा भनिएको छ,'उडान अनुमति लिनु नपर्ने क्षेत्रमा समेत कार्यविधि, २०७५ को दफा १४(क), (ख) र (ग) बमोजिम नजिकैको प्रहरी वा सुरक्षा निकायलाई अनिवार्य रूपमा जानकारी गराई मात्र ड्रोन उडान गर्नुपर्नेछ ।'

कार्यालयले जिल्लाभित्र बिना अनुमति वा पूर्वसूचना ड्रोन उडान गर्ने जो कोहीलाई प्रचलित कानूनअनुसार कारबाही गरिने समेत जानकारी दिएको छ ।

पछिल्लो समय डोल्पामा आन्तरिक तथा बाह्य पर्यटकहरुको विभिन्न स्थानहरूमा मनपरी रूपमा ड्रोन उडाउने कार्य बढ्न थालेपछि प्रशासनले यस्तो सूचना सार्वजनिक गरेको हो । प्रशासनले सबै नागरिक, निकाय तथा सरोकारवालालाई कानूनी प्रक्रिया पालना गर्न आग्रह गर्दै ड्रोन प्रयोग गर्दा सुरक्षासम्बन्धी मापदण्ड र अनुमति प्रक्रिया अनिवार्य रूपमा पूरा गर्न अपिल समेत गरेको छ।

# बन्चरेडाँडामा फोहोर विसर्जन गर्न अवरोध

**काठमाडौं/मस-** स्थानीयवासीको अवरोधका कारण बन्चरेडाँडामा फोहोर विसर्नमा समस्या भएको छ । नुवाकोटको ककनी र धादिङको धुनबेसीस्थित सो स्थानमा फोहोर विसर्जन हुँदै आएका क्षेत्रका प्रभावित स्थानीयको अवरोधको कारण उपत्यकाबाट फोहोर बोकेर आएका गाडी विसर्जन नगरी फर्किएका छन् ।

फोहोर विसर्जनकार्य वैज्ञानिक रूपमा व्यवस्थित हुनुपर्ने लगायत विगतमा भएको सहमति कार्यान्वयनको माग गर्दै स्थानीयले फोहोर फाल्न अवरोध गरेको धुनबेसी नगरपालिका-१ का स्थानीय दीपेन्द्र लामाले जानकारी दिए ।


उनको अनुसार सिसडोल बन्चरेडाँडा-कुँडुले ल्याण्डफिल क्षेत्रमा फोहोर व्यवस्थापनका लागि विगतमा भएको १८ बुँदे सहमति कार्यान्वयनको माग मुख्य रूपमा राखिएको छ। ककनी गाँउपालिका-१ र २ तथा धुनबेसी नगरपालिका-१, २ र ३ वडाका स्थानीयबासी दुई जिल्लाको संगम ढाँडेस्थित सडकमा बसेर फोहोर विसर्जन गर्न आएका गाडीलाई फिर्ता पठाइदिएका जनाइएको छ ।

स्थानीयहरुले २०७९ जेठ २६ मा भएको १८ बुंदे सहमतिमा उल्लेख भएको फोहोर विसर्जन रातको समयमा मात्र गरिने, दुर्गन्ध नआउने प्रबन्ध मिलाउने, फोहोर बोकेका गाडीले लिच्चड नचुहाउने, र फोहोर विसर्जन पश्चात लिच्चड खोलामा जान नदिन वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने काठमाडौं महानगरपालिकासँग भएको सहमति कार्यान्वयन हुनुपर्ने माग गरेका छन् ।

उक्त सहमति कार्यान्वयन नहुँदा प्रभावित क्षेत्रमा फोहोर बाट दुर्गन्ध फैलिएर सरुवाजन्य रोगको सक्रमण बढेको र दैनिक जनजीवन प्रभावित भएको उनीहरुले गुनासो गरेका छन् । आफूहरुको मागको सम्बोधन र सहमति कार्यान्वयनको प्रतिबद्धता जनाउन काठमाडौं महानगरपालिकाको प्रतिनिधि प्रभावित क्षेत्रमा नै आउनुपर्ने माग गर्दै सिसडोल, कुँडुले, ढाँडेको सडकमा सयौँको सङ्ख्यामा स्थानीयहरु शान्तिपूर्ण प्रदर्शन गरिरहेका छन् ।

स्थानीयले स्वःस्फूर्त रूपमा सङ्गठित भएर विगतका सहमति कार्यान्वयनको माग राख्दै गरेको फोहोर विसर्जनको अवरोधमा ककनी र धुनबेसीँका जनप्रतिनिधि र दलीय प्रतिनिधिले पनि साथ दिएका छन् ।

# सोलुखुम्बुमा हेलिकोप्टर दुर्घटना



**काठमाडौं/मस-**सोलुखुम्बुको लोबुचेमा अल्टिच्युड एयरको हेलिकोप्टर दुर्घटना भएको छ । लोबुचे हेलिप्याडमा अवतरण गर्ने क्रममा चिप्लिएर दुर्घटना भएको जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका सहायक प्रमुख जिल्ला अधिकारी सुरेन्द्र थापाले जानकारी दिएका छन् ।

थापाका अनुसार बुधबार बिहान ८ः १५ बजे अल्फा माइक सेरा कलसाइन भएको हेलिकोप्टर अवतरणका क्रममा चिप्लिएको हो । हेलिकोप्टरमा पाइलटबाहेक यात्रु भने नरहेको र दुर्घटना हुँदा मानवीय क्षति केही नभएको उनले बताए । हेलिकोप्टरका पाइलट विवेक खड्का सकुशल छन् ।

# सामाजिक कुप्रथाविरुद्ध धार्मिक गुरुहरू सक्रिय



**बझाङ/मस-** सामाजिक कुप्रथाविरुद्ध बझाङका धार्मिक गुरुहरू सक्रिय भएका छन्। गाउँ गाउँमा अभियाननै सञ्चालन गरेर घरेलु हिंसा, महिनावारी विभेद, बालविवाह, जातीय छुवाछूतलगायत सामाजिक कुरीतिकोविरुद्ध उनीहरू सक्रिय भएका हुन् । बुंगल नगरपालिका-६, ७, ९, १० र ११ मा कुरीतिविरुद्ध गुरुहरू गणेशप्रसाद पन्त र वैदिक सुरेश सनातनी आर्यले धार्मिक प्रवचनका माध्यमबाट स्थानीयलाई जागरूक बनाउने अभियान थालेका छन् ।

धार्मिक प्रवचनमा पण्डित पन्तले धर्मशास्त्रमा विभेदजन्य कुनै पनि क्रियाकलाप नभएको बताए । सनातनी हिन्दू धर्म मान्नेहरूले कुनै किसिमको कुरीतिलाई स्वीकार गर्न नहुनेमा उनले जोड दिएका छन् । उनले भने, 'महिनावारी प्राकृतिक कुरा हो । महिनावारी नहुनु भनेको अस्वस्थ हुनु हो । बाँझोपन हुनु हो। जब सृष्टिकर्तामा नै बाँझोपन आउँछ भने उसले उत्पादन गर्न सक्दैन । त्यसैले महिनावारी भएकालाई सम्मान गर्नुपर्छ ।'

परम्परागत रूपमा प्रयोग गरिने पञ्चगब्य र सुनपानीलाई पनि गलत अर्थ लगाएर प्रचार गरिएको सनातनी आर्यले बताए। 'गहुँत छर्कनु भनेको कीटाणु मार्नु हो। गहुँत गोबर तथा सुनपानीले सेनिटाइजरको काम गर्छ', उनले भने ।

# पाल्पामा गाडी दुर्घटना हुँदा तीन जनाको मृत्यु



**पाल्पा/मस-** पाल्पा रैनादेवी छहरा गाउँपालिका-४ पिपल भञ्ज्याङ्मा विद्युतीय गाडी दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

अमलावासबाट मेहलढापतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ज ००९१ नम्बरको विद्युतीय गाडी बुधबार दिउँसो दुर्घटना हुँदा चालकसहित तीन जनाको मृत्यु भएको हो । दुर्घटनामा चालक छहरा अमलावासका ३४ वर्षीय कमल रायमाझी, रैनादेवी छहरा- १ सिद्धेश्वरका ३७ वर्षीय मुक्तबहादुर बुढाथोकी र छहरा-४ मेहलढापका ४१ वर्षीय रामबहादुर गाहाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमल प्रधानले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका तीनै जनालाई जिल्ला अस्पताल पाल्पा पठाइएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । गाडीमा तीन जना मात्र सवार रहेको प्रधानले बताए। सो गाडी सडकदेखि निकै तल खोल्सामा खसेको छ। दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# 'होस्टेल ३'ले दार्जिलिङमा मनायो ५१औं दिन




**काठमाडौं/मस–** नेपाली चलचित्र होस्टेल–३ ले भारतमा ५१ दिन पूरा गरेको छ। नेपालमा सुरु भएको 'होस्टेल'को तेस्रो शृंखलाले सिमाना नाघ्दै भारतीय नेपाली समुदायबीच पनि लोकप्रियता विस्तार गर्न सफल भएको हो।

गत भदौ २० गतेदेखि भारतको दार्जिलिङस्थित एसभिएफ सिनेमा, रिंक मलमा निरन्तर प्रदर्शन भइरहेको उक्त चलचित्रले त्यहाँ पनि ५१ दिन पूरा गरेको भारतका वितरक सुरज खड्काले जानकारी दिए।

भारतमा 'होस्टेल–३' को वितरण गोर्खा फिल्म प्रोडक्सन र सुपर सिनेमाले गरेका हुन्। चलचित्र सिक्किम, दार्जिलिङ, सिलगुडी, सिन्ताम, गुवाहाटी, आसाम र मणिपुरसहित ५० भन्दाबढी हलमा एकैसाथ प्रदर्शन गरिएको थियो।

चलचित्रका निर्देशक सशान कँडेलले भारतमा पनि फिल्मले सफलता प्राप्त गरेकामा खुसी व्यक्त गरे। उनले भने, 'सर्वप्रथम, यति ठूलो शृंखलालाई विश्वास गरी निर्माण इजाजत दिनुहुने दुर्गिश फिल्म्स्लाई धेरै धन्यवाद दिन चाहन्छु। निर्माण, वितरण र प्रचारप्रसारमा सहभागी सबैलाई हार्दिक आभार व्यक्त गर्दछु।'

'होस्टेल–३' ले क्याम्पस जीवनका उतार चढाव, प्रेम, मित्रता र संघर्षको कथा चित्रण गर्दै युवापुस्तामाझ विशेष चर्चा पाएको छ। चलचित्रमा पारसबम ठकुरी (कुलब्वाय), रिहान गिरी, पदम तामाङ, आशिष घिमिरे, सिम्रन पन्त, हेना नगरकोटी, समा पराजुली, उमर खान, सन्तोष बानियाँ र आशिष पुरुषलगायत कलाकारले अभिनय गरेका छन्।

चलचित्रका लेखक तथा एसोसियट निर्देशक माधव शर्मा, निर्माता सुरेश कँडेल र गोविन्द अधिकारी, सहनिर्मातामा शिशिर ज्ञवाली, अनीश सिग्देल, कुन्दन गुप्ता, कार्यकारी निर्माता शंकर कोइराला र लाइन प्रोड्युसर कोसिसराज क्षेत्री रहेका छन्।

# 'मनबिनाको धनको' ट्रेलर सार्वजनिक

**काठमाडौं/मस–** नेपाली चलचित्र 'मन बिनाको धनको' ट्रेलर सार्वजनिक भएको छ। बुधबार एक कार्यक्रमका बीच चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो। कात्तिक २१ गतेदेखि प्रदर्शन हुने चलचित्रमा बालकलाकार अशोक दर्जीको मुख्य भूमिका रहेको छ।

चलचित्र बनाउने आफ्नो इच्छा नभए पनि अशोकको चलचित्रमा अभिनय गर्ने चाहना भएकाले चलचित्र निर्माण गरेको निर्देशक बुढाथोकीले बताए। यो निर्देशक बुढाथोकीको निर्देशनमा डेब्यु चलचित्र समेत हो। चलचित्रले अपेक्षित आम्दानी गरे देशका विद्यालयहरूमा गुरुहरूका लागि कोष खडा गर्ने योजना रहेको चलचित्रका निर्देशक टंक बुढाथोकीले बताए। चलचित्रमा अशोक दर्जीले गीतभन्दा राम्रो अभिनय गरेको अभिनेता सरोज खनालले बताए। उनले चलचित्र मुख्य रुपले अशोक दर्जीको निम्ति बनेको बताए। आफूलगायत अन्य कलाकार अशोकलाई सहयोगका लागि चलचित्रमा रहेको उनको जिकिर छ।

# अर्जुन भुसालले ल्याए 'बाटो फरक भो'




**काठमाडौं/मस–** युरोपेली मुलुक पोर्चुगललाई कर्मथलो बनाउँदै आएका गायक अर्जुन भुसालको स्वरमा 'बाटो फरक भो' बोलको गीत सार्वजनिक भएको छ। उक्त गीतमा गायक भुसालसँगै गायिका शान्ति श्री परियारको पनि स्वर रहेको छ। उक्त गीत संगीतकार अमित बाबु रोकायको युट्युब च्यानलबाट सार्वजनिक भएको हो।

हिजो माया गरेको मान्छे आज अर्कैको हुँदा विगतको प्रेम सम्बन्धलाई जोडेर यो गीत सार्वजनिक गरिएको संगीतकार अमित बाबु रोकायले बताएका छन्। 'बाटो फरक भो, तिमी हाँस्ने मै त रुने अधुरो यो जिन्दगीको बाटो फरक भो' बोलको गीत निकै मार्मिक बनेको गायक तथा सञ्चारकर्मी भुसालले बताए।

यस गीतमा गणेश पौडेल र प्रकाश पाठकको शब्द रहेको छ। गीतमा लोकेश बिसी, निशा बिसी र प्रकृति बुढाको सुन्दर अभिनय रहेको छ। यो मर्मस्पर्शी गीत धेरै दर्शक स्रोताको रोजाइमा पर्न सक्ने संगीतकार रोकायको भनाइ छ। गायक भुसाल लामो समयदेखि सञ्चारकर्ममा आबद्ध भएर काम गर्दै आएका छन्।


Glen Appliance Pvt. Ltd, India बाट आयात गरिएका Chimney, Oven, Micro wave, Dishwasher आदिका अधिकतम खुद्रा बिक्री मुल्य सूचि

| S. N. | Description of Goods | Model No: | Brand | Country of Origin | MRP (Per Unit) |
|---|---|---|---|---|---|
| 1 | Chimney | CH6053HSRDCBAC90 | Glen | India | 32640 |
| 2 | Chimney | CH6073HSRDCAC90 | Glen | India | 37276 |
| 3 | Chimney | CH6052DIBLAC60 | Glen | India | 18101 |
| 4 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 22679 |
| 5 | Chimney | CH6058DIBLAC76 | Glen | India | 20864 |
| 6 | Chimney | CH6058DIBLAC90 | Glen | India | 22671 |
| 7 | Chimney | CH6052HSRBLAC76 | Glen | India | 21438 |
| 8 | Chimney | CH6076HSRDCAC75 | Glen | India | 33279 |
| 9 | Chimney | CR2014DBAI | Glen | India | 85393 |
| 10 | Oven | BO-651MRTBL | Glen | India | 74373 |
| 11 | Micro wave | MO-671 | Glen | India | 66032 |
| 12 | Chimney | CH6065HSRDCBAC90 | Glen | India | 36940 |
| 13 | Chimney | CH6058DIBLAC90 | Glen | India | 22671 |
| 14 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 22679 |
| 15 | Chimney | CH6073HSRDCAC75 | Glen | India | 34878 |
| 16 | Chimney | CH6000DXBLK60BF | Glen | India | 13575 |
| 17 | Dishwasher | DW-7735M | Glen | India | 99592 |
| 18 | Oven | BO-664BLGAS | Glen | India | 85174 |
| 19 | Oven | BO-660MRT | Glen | India | 75344 |
| 20 | Oven | BO662AF | Glen | India | 58753 |
| 21 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 22679 |
| 22 | Chimney | CH6058DIBLAC90 | Glen | India | 22671 |

**Classic Traders Pvt. Ltd.**
Ward No. 11, Tripureshwor, Ktm, Nepal, Ph: 9851415656



**लियो इन्टरनेसनल एच आर कन्सलटेन्सी प्रा.लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस लियो इन्टरनेसनल एच आर कन्सलटेन्सी प्रा.लि.( इजाजत प्राप्त नं १५९६/०७९/०८०) मा मिति २०८२/०४/१ गते देखि २०८२/०६/०९ गते सम्म **पब्लिक रिलेसन अफिसरको रुपमा कार्यरत स्थायी ठेगाना महेन्द्रनगर (कन्चनपुर) निवासि हाल चन्द्रागिरी सतुंगल (अस्थायी ठेगाना) डेरागरी बस्ने तिर्थराज ओभ्का**ले यस प्रा.लि.को नियम बिपरित प्रा.लि. भन्दा बाहिर गएर अनाधिकृत रुपमा पासपोर्ट कलेक्सन साथै केही ब्यक्तिबाट गलत तरिकाले दशै र तिहारको बिदामा रकम समेत असुलि गरेको भन्ने जानकारी कार्यालयमा आएको हुनाले र निज ब्यक्ती बिगत १ महिना देखि कार्यालयमा अनुपस्थित भई लुकिछिपी बधनियत पूर्वक कार्यालयको फेसबुक पेज अनाधिकृत रुपमा प्रयोग गरि संचालकको फोटो समेत दुरुपयोग गरि तलब समेत नपाएको भनि सामाजिक संजाल फेसबुकको प्रयोग गरि संचालकको मानहानि हुने कार्य गरेको हुनाले साथै निजले पाउने तलब सेवा सुबिधा भन्दा बढि रकम यस प्रा.लि बाट दशैं बिदा अगाबै एडभान्सको रुपमा लिएर फिर्ता नगरेको, कार्यालयमा अनुपस्थित भएको हुनाले निजको कृयाकलाब हेर्दा निजको ब्यक्तिगत आचरण ठिक छैन भनि निजलाई संचालक समितिको निर्णयबाट मिति २०८२/०७/१२ गते देखी यस कार्यालय बाट निस्काशन गरिएको व्यहोरा जानकारी गराइन्छ। साथै निजले वैदेशिक रोजगारमा पठाई दिन्छु भनेमा कोहिपनि प्रलोभनमा नपर्नु हुन साथै आर्थिक कारोबार, पासपोर्ट लेनदेन नगर्नु हुन सम्पूर्ण महानुभावहरुलाई जानकारी गराईन्छ अन्यथा यस प्रा.लि. जवाफदेही हुने छैन भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.
Mid Baneshwor Height, Opposite to Golyan Tower, Kathmandu.
Phone : 01-5912843, 5912844,
Govt. Lic. No.: 1596/079/080



सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
Head Office: Baluwatar, Kathmandu, Nepal
Tel: 01-4521861/62/63, URL: www.shangrilabank.com
२१ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

ER. DINAR KUMAR SHRESTHA
GORKHA RISING CONSULTANT & CONSTRUCTION PVT.LTD.
PALUNGTAR, GORKHA-5
MOB.: 9845545192

Er. ASHOK JOSHI
GHODAGHODI ENGINEERING CONSULTANCY PVT.LTD.
GHODAGHODI NA. PA.: 1
Mob.: 9843618181

ER. KRISHNA GOPAL BHANDARI
B.B.C. ENGINEERING CONSULTANCY PVT.LTD.
DHANGADI-5, DHANGADI
MOB.: 9858422178

ER. DURGA KC
UNIQUE ENGINEERING CONSULTANCY
NEPALGUNJ-2, BANKE
MOB.: 9849032045

ER. DEEPAK KHANAL
ALTERNATIVE CONSULTING INN PVT.LTD
BHARATPUR-11, CHITWAN
MOB.: 9855081005

Er. Ram Chandra Gautam
A Plus Engineering Consultancy
Phedikhola Gaupalika - 2 Syangja
Mob.: 9856036238

ER. PRAKASH GAJMER
BUDDHA RATNA ENGINEERING CONSULTANCY
DAMAK-6, JHAPA
MOB.: 9852687888

Er. SHYAM SUNDAR RAJBHANDARI
ALL ROUND ENGINEERING CONSULT PVT.LTD
BATTAR-2, NUWAKOT
Mob.: 9841548651

ER. BHARAT RAWAL
NEPAL ENGINEERING CONSULTANCY
MAHENDRANAGAR KANCHANPUR
MOB.: 9858750100

ER. HIKMAT BUDHA
LAXMI GANGA ENGINEERING CONSULTANCY & PARAMARSHA FIRM
THAKURBABA NA.PA.: 1 BARDIYA
MOB.: 9863859934

AB'S ENGINEERING CONSULTANCY PVT.LTD.
Mahendrapool, Pokhara-9
Ph.: 061-537300/536377
P.O. Box No.: 240
Email: abs_admin@wlink.com.np
Web: www.absconsult.com.np

ER. RAJU THAPA
ARYAN ENGINEERING CONSULT PVT.LTD.
GORKHA NA. PA.:6
MOB.: 9856040015

ER. DEEPAK SHRESTHA
GANAK CONSULTANCY PVT. LTD
NEW BANESHWOR KATHMANDU-31
MOB.: 9851055275

ER. PALU RAWAT
UPLAND ENGINEERING CONSULTANCY
SIMKOT-6
MOB.: 9848318261

Er. SUJAN SHRESTHA
GORKHA KALIKA ENGINEERING CONSULTANCY PVT.LTD
GORKHA-6, HARAMTARI
Mob.: 9851034745

ER. BHUWAN SHARMA
VISTRA ENGINEERS
NEPALGUNJ-10, BANKE
MOB.: 9858049775
9804533613

ER. ROSHAN BASNET
PINACLE ENGINEERING SOLUTION & CONSULTANCY PVT.LTD.
GHORAHI-15, DANG
MOB.: 9847885271

ER. PREM BD NEPALI
P.K DESIGN ENGINEERING CONSULTANCY PVT. LTD.
BHERI NA. PA.: 4, JAJARKOT KHALANGA
MOB.: 9857690674

ER. DIPENDRA CHAUDHARY
BUDDHA ENGINEERING SERVICES
RAMGRAM-3, NAWALPARASI
Mob.: 9857016878

ER. KESHAV RAJ PANDEY
MANAGING DIRECTOR
LONG VISION ENGINEERING AND MANAGEMENT CONSULT PVT.LTD
MANTHALI
MOB.: 9851129012, 9841434815

Er. Mahesh Kumar Thapa
S M Engineering
Nepalgunj, Banke
Mob.: 9858030794

New Dynamic Engineering Consultancy
Er. Prakash Basnet
Kohalpur, Banke
Mob.: 9868160887

Er. AMOD MANDAL
GANGAI ENGINEERING CONSULTANCY
BIRATNAGAR, NEPAL
Mob.: 9804048333
9852026004

Er. Subhushan Shrestha
BS Engineering Paramarsha Sewa
Tokha, Kathmandu
Mob.: 9851098018

ER. NAWARAJ PANDEY
JUTE KHATEE ENGINEERING CONSULTANCY
BANGANGA NA. PA.: 7, KAPILBASTU
MOB.: 9851177580

ER. DIPANKAR PD. BHAGAT
SULEKHA CONSULTANTS
BIRATNAGAR-2
MOB.: 9852030339

Er. JANAK SHAHI
CITY CONSULTANCY FIRM
BIRENDRANAGAR NA. PA.: 7 SURKHET
Mob.: 9848138870

ER. TIRTHA PRASAD SHRESTHA
KARNALI ENGINEERING CONSULTANCY
NEPALGUNJ-10
Mob.:9848022149



**युएईमा रोजगार**
कम्पनी : KAANE AMERICAN INTERNATIONAL TOBACCO COMPANY FZE शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०४ चलानी नं.: ६०२३८१२४ L.T. No.: 323846 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour-Plumber | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1750 | ६७,१४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver (Light/Heavy) | 2 | 0 | | 2150 | ८२,४९५ | | | | | | | |
| 3. | General Helper (All rounder) | 41 | 0 | | 800 | ३०,६९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ROTARY OVERSEAS PVT. LTD.
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com
Govt. Lic. No. 562/062/063



**Saudi मा रोजगार** C.A.T. International Company Limited
पुन: विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/३/१७ चलानी नं. ६०२४०५३८ LT.No. 326575

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Loading & Unloading Lobour | 36 | 0 | [illegible] | 1000 | ३६,४८०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

अन्तरवार्ता २०८२ कार्तिक २४ गते (10 Nov., 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ।

SKYWAYS BUREAU SERVICES PVT. LTD.
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, फोन : ०१-४३७०१०१, ४३७६११२
Email : info@skywaysnepal.com, www.societaloverseas.com
Gov.Lic.NO. 871/066/067



**साउदीमा रोजगार**
कम्पनी: JAMRA HATAB CATERING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०७/०९ चलानी नं.: ६०२४६५०५ LT. No.: 332808

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक २० गते (6 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ५४८/०६७/०६८



**युएईमा रोजगार**
कम्पनी : WINSTAR ELECTRICAL CONTRACTING L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०३/१९ चलानी नं.: ६०२४०६४९ L.T. No.: 322775 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Electricians | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,८८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electricians | 5 | 0 | | 1500 | ५७,५५५ | | | | | | | |
| 3. | Senior Electrical Technician | 5 | 0 | | 2000 | ७६,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ कार्तिक २०, २१ र २२ गते (6, 7, 8 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

# मैत्रीपूर्ण खेलमा भारतविरुद्ध नेपाल विजयी



**काठमाडौं/मस-** भारतको सिक्किमस्थित पाल्जोर रंगशालामा बुधबार सम्पन्न मैत्रीपूर्ण 'च्यारिटी म्याच'मा नेपालले रोमाञ्चक जित हात पारेको छ । टाइब्रेकरमा गोलकिपर अञ्जना रानामगरको उत्कृष्ट प्रदर्शनका कारण नेपालले घरेलु टोली भारतलाई ३-० ले पराजित गरेको हो ।

टाइब्रेकरमा सविता रानामगर, रश्मीकुमारी घिसिङ र निशा ठोकरले गोल गरे भने कप्तान अनिता बस्नेतको प्रहार पोस्ट बाहिरियो । भारतका तीनै खेलाडी गोल गर्न असफल भए- जसमा दुई पेनाल्टी अञ्जनाले शानदार रूपमा रोकेकी थिइन् । निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा टुंगिएपछि खेल टाइब्रेकरमा पुगेको थियो । खेलका दुवै गोल पहिलो हाफमा भएका थिए ।

३०औं मिनेटमा भारतकी सौम्या गोगुलोथले नेपालकी डिफेन्डर निशा ठोकरको ब्याक पास क्लियर गर्ने प्रयासमा लागेको बललाई उपयोग गर्दै गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएकी थिइन् । तर पहिलो हाफको इन्जुरी समयमा नेपाल फर्कियो- कप्तान अनिता बस्नेतको कर्नरमा रश्मी घिसिङको हेड गोलले स्कोर बराबरी बनायो । त्यसपछि दोस्रो हाफमा दुबै टोलीले केही अवसर सिर्जना गरे पनि गोल गर्न सकेनन् ।

टाइब्रेकरका लागि मुख्य प्रशिक्षक नविन न्यौपानेले रणनीतिक निर्णय गर्दै गोलकिपर उषा नाथलाई बाहिर निकालेर अञ्जना रानामगरलाई मैदानमा पठाएका थिए । त्यो निर्णय अञ्जनाले पूर्ण रूपमा सही साबित गरिन्– उनले भारतको पहिलो पेनाल्टी हातले र तेस्रो पेनाल्टी खुट्टाले सजिलै रोकिन् । दोस्रो प्रहार बाहिरिएको थियो ।

अञ्जनाले गत वर्ष काठमाडौंमा सम्पन्न साफ च्याम्पियनसिपको सेमिफाइनलमा पनि भारतविरुद्धका दुई पेनाल्टी रोक्दै चर्चित बनेकी थिइन् ।

नेपालका लागि कप्तान अनिताबाहेक सविता, रश्मी र निशाले गोल गरेपछि टिमले सहज जित सुनिश्चित गऱ्यो ।

मुख्य प्रशिक्षक न्यौपानेले सोमबार भारतविरुद्धको पहिलो खेलको तुलनामा आज १० खेलाडी परिवर्तन गरेका थिए । नियमित कप्तान सावित्रा भण्डारी 'साम्बा' अनुपस्थित रहेकाले अनिताले कप्तानी जिम्मेवारी सम्हालेकी थिइन् ।

अनितासँगै आजको पहिलो रोजाइमा प्रतिक्षा चौधरी, मिना देउवा, सरु लिम्बू, हिरा भुजेल, निशा ठोकर, पूर्णिमा राई, सरस्वती हमाल, रश्मी घिसिङ र विमला विक खेलमा सामेल थिए ।

भारतले भने पछिल्लो खेलका सुरुवाती ११ खेलाडी नै परिवर्तन गर्दै सिक्किमका स्थानीय खेलाडीलाई समेत अवसर दिएको थियो ।

# लुम्बिनी लायन्सले ट्यालेन्ट हन्टबाट 'आइकनिक प्लेयर' चयन गर्दै

**काठमाडौं/मस-** नेपाल प्रिमियर लिग (एनपिएल) टोली लुम्बिनी लायन्सले आगामी संस्करणका लागि तीन जना उत्कृष्ट युवा खेलाडी छनोट गर्न प्रतिभा छनोट कार्यक्रम आयोजना गर्ने भएको छ ।

जिल्ला क्रिकेट संघ बाँके, नेपालगन्जको आयोजनामा हुने उक्त कार्यक्रम कात्तिक १३ गते बिहीबार बाँकेस्थित कोहलपुर क्रिकेट रंगशालामा सञ्चालन हुने छ । कार्यक्रम बिहान ८ बजेदेखि बेलुका ५ बजेसम्म चल्नेछ ।

कार्यक्रमबाट तीन जना उत्कृष्ट युवा खेलाडीहरू छनोट गरिनेछन् । तीमध्ये एक जना खेलाडीलाई मुख्य टोलीमा स्थान दिइनेछ भने दुई जना खेलाडीहरूलाई विकास टोलीमा राखिने लुम्बिनी लायन्सले जनाएको छ । छनोट भएका खेलाडीहरू आगामी मंसिर १ गतेदेखि सुरु हुने नेपाल प्रिमियर लिगको दोस्रो संस्करणमा सहभागी हुने अवसर पाउने छन् । लुम्बिनी लायन्सले यसअघि नै एनपिएलको दोस्रो संस्करणका लागि ६ जना प्रमुख खेलाडीहरूलाई रिटेन गरिसकेको छ ।

यस ट्यालेन्ट हन्ट कार्यक्रमले नेपाली क्रिकेटमा नयाँ प्रतिभाहरूलाई अवसर प्रदान गर्ने र देशको क्रिकेटको स्तरलाई अझ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा लुम्बिनी लायन्सकी प्रमुख कार्यकारी अधिकृत भावना घिमिरे, क्रिकेट संघ नेपाल (क्यान)का पदाधिकारीहरू तथा अन्य सम्मानित व्यक्तित्वहरूको उपस्थिति रहनेछ ।

## बीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल

### १५ दिने लिलामी बोलपत्र सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०७/१३ गते**

स्थानीय सरकार संचालन ऐन २०७४, वीरगंज महानगरपालिकाको मालसामान लिलाम विक्री सम्बन्धि कार्यविधि २०७५ र नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धि निर्देशिका, २०६५ ले दिएको अधिकार क्षेत्रभित्र रही महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत पुरानो संरचना नष्ट गरी लिलामी प्रक्रिया गर्न सक्ने व्यवस्था भएको सो सम्बन्धमा तपसिल बमोजिमको ठेक्का बन्दोबस्त गर्न बोलपत्र आहवान गरी प्रतिस्पर्धाको आधारमा लिलाम विक्रि गर्नका प्रयोजनका लागि यस बी.म.न.पा.अन्तर्गत आ.व.२०८२/०८३ मा राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा १५ दिने म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था भए बमोजिम तपसिलमा उल्लेखित सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | ठेक्का शिर्षक | आ.व. २०८२/०८३ को न्युनतम एक्मुषठ ठेक्का अङ्क | बोलपत्र दस्तुर(पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१/L/२०८२/०८३ | पुरानो संरचना नष्टगरी लिलामी प्रक्रिया सम्बन्धमा | ३५३४६५२.४१ | १५०० | |

## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/०७/१३ गते**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०५/१० गते विद्युतीय माध्यम (E BIDDING) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्यांकन समितिको मिति २०८२/०७/१२ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/WORKS/NCB/02/2082/83 | Upgrading of Aamdada Odalkhark Gairichautara Road | सिराईचुली निर्माण सेवा, चितवन | २,१५,६१,९७८/७९ |

**प्रमुख प्रशासकिय अधिकृत**

### काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१३**

डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका-१ स्थित आदर्श महिला सा.व.उ.स. को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई गन्यापधुरा गाउँपालिका-१ सेटीगाउँमा घाटगद्दी गरी राखिएको कुल २४७ गोलिया थानको परिमाण ३२१९.६ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउँसो ठिक १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पाटीमा टाँस गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१३**

**साङ्ग दोर्जे निमार्ण सेवा प्रा. लि.** को मिति २०८२/०३/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साङ्ग दोर्जे कन्स्ट्रक्सन प्रा. लि. (दर्ता नं. १७६१७६)** कायम गर्ने गरी मिति २०८२/०३/३२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### अन्तर्वार्ता रद्द गरिएको सूचना

मिति २०८२/०७/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित माल्दिप्समा रोजगार शिर्षक कम्पनीको नामः **MALDIVES AIRPORTS COMPANY LIMITED, पूर्व स्वीकृत मितिः २०८१/०८/१२, चलानी नं.: ६०२२८७४३,** र **L.T. No.: 314372** को पुन विज्ञापनमा **अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ कार्तिक १६, १७ र १८ गते (2, 3, 4 November 2025)** मा हुनेछ भनिएको तर कारणबस उक्त अन्तर्वार्ता मिति रद्द गर्नुपर्ने भएकोले सर्वसाधारण सबैमा जानकारी गराइन्छ ।

**HELP OVERSEAS PVT.LTD.**
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Phone no: 01-5433477
Email id:- helpoverseas77@gmail.com, helpoverseas@mail.com.np

### कम्पनीको नाम परिवर्तन भएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/१३**

का.जि.का.म.न.पा. वडा नं. ३ स्थित कार्यालय रहेको एस. आर. हाउजिङ्ग एण्ड लिजिङ्ग प्रा. लि. (प्रा. लि. नं. ३५०७४) कम्पनीको मिति २०८२/०५/२२ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाम परिवर्तन भई डुल्वा रिसोर्टस् एण्ड क्याम्प्स प्रा. लि. (प्रा. लि. ३५०७४) कायम भई नियामक निकाय कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०६/१० गते अभिलेखिकरण भएको व्यहोरा सर्वसाधारणको लागि जानकारी गराईन्छ ।

**परासर प्रसाई, संचालक**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

कोटेश्वर शाखा, काठमाडौंको

### सेफ डिपोजिट लकर उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना

**प्रकाशित मितिः २०८२/०७/१३**

श्री बाबु लाल तण्डुकारको नातिनी, श्री बद्री बहादुर तण्डुकार/श्रीमती जगत माया तण्डुकारको छोरी, श्रीमान तीर्थ राज तण्डुकारको पत्नी, ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं.१६ को स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ३२ बस्ने श्रीमती बिना तण्डुकार (ना.प्र.नं. ९५९, जारी मिति २०४०/०४/१७ जि.प्र.का.: काठमाण्डौं) को नाममा यस बैंकको कोटेश्वर शाखा कार्यालयबाट सेफ डिपोजिट लकर नं. १३३४९ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको श्रीमान तीर्थ राज तण्डुकार (ना.प्र.नं. १०८६/०३९/४०, जारी मिति २०३९/६/१५ जि.प्र.का.ललितपुर) ले श्रीमती बिना तण्डुकारको मिति बि.सं. २०८१/१०/२२ गते मृत्यु भएको भनी मृतकको हकवाला श्रीमान तीर्थ राज तण्डुकारले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति बि.सं.२०८२/०६/१० गते आवश्यक कागजात सहित यस बैंकको कोटेश्वर शाखा कार्यालयमा निवेदन दिनु भएको हुदां निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकका कोटेश्वर शाखा कार्यालयमा हकदाबी गर्न आउनु होला । अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL


## कुवेतमा रोजगार

कम्पनीः MINNIE AND MICKEY LADIES SALON CO — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/०२ — चलानी नं.: ६०२४६३७३ — LT. No.: 332713 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ६८,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः AL-ISRAA CATERING COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/०२ — चलानी नं.: ६०२४६३७४ — LT. No.: 332714 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 200 | 0 | स. काममा दक्ष | 120 | ५५,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Bhimsengola-31, Katyayani Chowk, Kathmandu, Nepal. Tel No: 015918559
Email: aayushoverseas123@gmail.com

## साउदीमा रोजगार

कम्पनीः SAPAC - SAUDI PAN KINGDOM FOR TRADE, INDUSTRY AND CONTRACTING CO — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६३२ — L.T. No.:327833 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ADVENTURE HUMAN RESOURCE P.LTD.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नंः ०१-५३८२५९०

## साउदीमा रोजगार

कम्पनीः EWAN HUMAN RESOURCES COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०४/१५ — चलानी नं.: ६०२४२१७३ — L.T. No.: 328271 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 14 | 0 | स. काममा दक्ष | 1000 | ३७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

## मलेसियामा रोजगार

कम्पनीः THONG SENG SECURITY SDN. BHD. — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८१/०७/०९ — चलानी नं.: ६०२४६४७१ — LT. No.: 332776

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 21 | 0 | स. काममा दक्ष | 1700 | ५७,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं.: ५६३/०६२/०६३
Sinamangal-9, Airport, Kathmandu, Nepal, Post Box: 8975, Fax: 4579756, Tel.: 4579756, Mob: 9851060556
E-mail : anamoloverseas@gmail.com, Web.: www.overseasanamol.com

## बहराइनमा रोजगार

कम्पनी : AL YAMAMA HOUSE FOR CLEANING CONTRACTING WLL — शहरः Bahrain
पूर्व स्वीकृत मिति : २०८२/०७/०९ — चलानी नं.: ६०२४६५११ — L.T. No.: 332849

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 100 | 20 | | 100 | ३७,३८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.**
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539

## साउदीमा रोजगार

कम्पनीः HABOB ALSHARQ COMPANY — शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०५/२९ — चलानी नं.: ६०२४४७७२ — LT.No.:329724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Diesel Trucks Drivers | 25 | 0 | स. काममा दक्ष | 1800 | ६७,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.K. EMPLOYMENT SERVICES PRIVATE LIMITED**
Gov. Lic No. 1699/081/082
Paris Danda, Koteshwor, Kathmandu-32, Nepal, Tel No: +977-1-5921286, 5921287
Email: info@hkemploymentservices.com, Website: www.hkemploymentservices.com

## कतारमा रोजगार

कम्पनीः CITIZEN CONTRACTING CLEANING AND SERVICES — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८१/०६/२४ — चलानी नं.: ६०२२२०२६ — L.T. No.: 307266 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Services Employee | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour Services | 5 | 0 | | 1000 | ३८,६६० | | | | | | | |
| 3. | General Clean Worker | 16 | 0 | | 1000 | ३८,६६० | | | | | | | |
| 4. | Foreman | 5 | 0 | | 2500 | ९६,६५० | | | | | | | |
| 5. | Driver | 3 | 0 | | 2000 | ७७,३२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

## साउदीमा रोजगार

कम्पनी : GULF LINK PROJECT ENGINEERING COMPANY — शहर : AL RAWDAH
पूर्व स्वीकृत मितिः २०८२/०६/२९ — चलानी नं.: ६०२४६५०८ — LT. No.: 332429

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROYA FACTORY FOR FOPOD PRODUCTS — शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/२९ — चलानी नं.: ६०२४६५०९ — LT. No.: 332430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing and Packaging Worker | 1 | 0 | स. काममा दक्ष | 2500 | ९३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः०१४९५७०४७, मोबाईलः 9705551551, 9761762121, 9816935532
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

# उद्योगमा ब्ल्याक आउट
## छैन निकासको खोजी

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं १२, कात्तिक

ट्रंक तथा डेडिकेटेड लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले लाइन काटेको १० दिन भएको छ । कात्तिक ४ गतेदेखि प्राधिकरणले काट्न सुरु गरेको थियो । ४ गते ६ वटा उद्योगको लाइन काटिएको थियो भने कात्तिक ८ गते थप १८ र आइतबार १ उद्योगको लाइन काटिएको थियो । २५ वटा उद्योगको लाइन काटेपछि देशका प्रतिष्ठित उद्योगमा सबै ब्ल्याक आउट छ, उत्पादन ठप्प छ भने कर्मचारी बेरोजगार छन् । लामो समयदेखि विवादित बन्दै आएको ट्रंक तथा डेडिकेटेडको समस्या समाधान हुने संकेत देखिँदैन । उद्योगी र सरकारबीच समेत संवाद नहुँदा लाइन काटिएको १० दिन हुँदासमेत चासो कसैलाई छैन । ऊर्जा मन्त्री कुलमान घिसिङ कुनै हालतमा उद्योगको लाइन नजोड्ने अडानमा छन् भने उद्योगीसमेत महसुल नतिर्ने अडानमै छ । २५ वटा उद्योगले दैनिक २ सय मेगावाट विद्युत खपत गर्ने गरेका थिए । तर उद्योग बन्द भएपछि नेपालको विद्युत् भारतमा निर्यात भइरहेको छ । उद्योगहरूमा लाइन काट्दा बचत भएको करिब २०० मेगावाट बिजुली भारत निर्यात भइरहेको प्राधिकरणका प्रवक्ता राजन ढकालले जानकारी दिए । भारतमा यतिबेला विद्युतको माग उच्च रहेकाले प्राधिकरणले नेपालमा बढी भएको विद्युत् निर्यातमा केन्द्रित छ । भारतमा दैनिक करिब ११ सय मेघावाट विद्युत् निर्यात भइरहेको प्राधिकरणको भनाइ छ । तर नेपालका उद्योगमा काटिएको लाइनमा कहिलेसम्म काट्ने अन्योलता देखिन्छ । यो बक्यौया समस्या तत्काल समाधान हुने संकेत नदेखिएको प्राधिकरणका कर्मचारी बताउँछन् ।



*ऊर्जामन्त्री कुलमान घिसिङ कुनै हालतमा उद्योगको लाइन नजोड्ने अडानमा छन् भने उद्योगीसमेत महसुल नतिर्ने अडानमै छ । २५ वटा उद्योगले दैनिक २ सय मेगावाट विद्युत खपत गर्ने गरेका थिए ।*

विद्युत् महसुल बक्यौता नतिरेपछि कत्तिक ४ गते जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् लाइन काटियो भने ७ गते थप १८ वटा उद्योगको लाइन प्राधिकरणले काटेको थियो ।

शुक्रबार पञ्चकन्या स्टिल, श्याम प्लास्टिक, गोयन्का फुड्स, कसमस सिमेन्ट, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, भलवारी स्वचालित कारखाना, जगदम्बा सेन्थेटिक, एभरेस्ट रोलिङ इन्ड्रस्टिज, घराना फुड्स, विशाल सिमेन्ट, बुटवल सिमेन्ट, निगाले सिमेन्ट, एसआर फुड्स, सिद्धार्थ पेट प्लान्ट, हिमाल आइरन, त्रिवेणी सिन्थेटिक यार्न र सोना मिनरल्स एन्ड आयल्सको बिजुली काटिएको हो ।

उद्योगीहरूले बक्यौता रकम नतिर्ने अडान राख्दै आन्दोलन गर्ने बताइरहेका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघका उद्योगी व्यवसायीले पहिलो चरणको कार्यक्रमअन्तर्गत बिहीबार भैरहवाको प्रधिकरणअघि धर्नाको कार्यक्रम गर्ने र थप विरोध कार्यक्रम गर्ने सार्वजनिक गर्ने घोषणा गरेका छन् ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वार्ता र संवादबाट समाधान निकाल्न आग्रह गरेका छन् । मुख्यमन्त्री आचार्यले संघीय सरकारलाई अभिभावकको भूमिका निर्वाह गर्दै प्राधिकरण र उद्योग सञ्चालकबीच संवाद र सहकार्यका माध्यमबाट दीर्घकालीन समाधान खोज्न आग्रह गरेका छन् । उद्योग व्यवसायमा विश्वास पुनर्स्थापना गर्न, श्रमिकहरूको हकहित सुनिश्चित गर्न र आर्थिक सन्तुलन कायम राख्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड बताएका छन् । देशको अर्थतन्त्र र रोजगारीलाई प्रत्यक्ष प्रभाव पार्ने उद्योग एक दिन बन्द हुँदा कसरी समाधान गर्नेतर्फ कसैको ध्यान पुग्न सकेको छैन । २६ वटा उद्योग बन्द हुँदा प्रत्यक्ष रूपमा २० हजारभन्दा बढी कर्मचारी कामविहीन भएका छन् भने अप्रत्यक्ष रूपमा अर्थतन्त्रको चक्रमा नै प्रभाव पर्ने देखिन्छ ।

# दुई अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न भारतसँग सम्झौता



**काठमाडौं/मस–** नेपाल र भारतबीच इनरुवा-पूर्णिया र लम्की (दोदोधारा)-बरेली ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न संयुक्त उपक्रम (जेभी) तथा सेयरहोल्डर सम्झौतापत्रमा हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ र भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरको उपस्थितमा बुधबार नयाँ दिल्लीमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौतापत्रमा नेपाल विद्युत् प्राधिकरणका तर्फबाट उपकार्यकारी निर्देशक सुभाषकुमार मिश्र र पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडका अन्तर्राष्ट्रिय व्यवसाय प्रमुख सञ्चालन अधिकृत सञ्जयकुमार गुप्ताले हस्ताक्षर गरे । संयुक्त लगानीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएसँगै प्राधिकरण र पावर ग्रिडको लगानीमा दुवै प्रसारण लाइन निर्माणका लागि कम्पनी स्थापना गर्न बाटो खुलेको छ ।

कार्यक्रममा मन्त्री घिसिङले थप दुईवटा क्रस बोर्डर प्रसारण लाइन निर्माण अगाडि बढ्नु द्विपक्षीय एवं क्षेत्रीय विद्युत् व्यापारका लागि अर्को महत्वपूर्ण कोशेढुंगा भएको उल्लेख गरे । उनले अन्तरदेशीय प्रसारण लाइनको निर्माणबाट दुई देशबीच तथा क्षेत्रीयस्तरमा समेत नेपालमा उत्पादित विद्युत् निर्यात गर्ने आधार तयार भई अन्तर्राष्ट्रिय ऊर्जा बजारसम्म नेपालको पहुँच पुर्‍याई नेपालका जलविद्युतमा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन थप सहज हुने बताए ।

भारतीय विद्युतमन्त्री खट्टरले थप दुईवटा क्रस बोर्डर प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि नेपाल-भारतबीचको विद्युत् विनिमयलाई थप सुदृढ हुनुका साथै क्षेत्रीय ऊर्जा सुरक्षामा सुधार, सुदृढ ग्रिड बन्ने हुँदा यसले दुवै देशको आर्थिक वृद्धिमा योगदान पुर्‍याउने उल्लेख गरे ।

मन्त्रिपरिषद्को ३० असोजको बैठकले प्रसारण लाइन निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको लगानीमा नेपाल तथा भारत दुवै भूमिमा दुईवटा संयुक्त कम्पनी स्थापना गर्न र सो कम्पनीहरूमा स्वपुँजी (इक्विटी) लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो ।

### सेयर हिस्सा कति हुनेछ ?

दुईवटा अन्तरदेशीय प्रसारण लाइनको भारतीय भूभागमा पर्ने खण्ड निर्माणका लागि भारतमा स्थापना गरिने संयुक्त कम्पनीमा प्राधिकरणको ४९ प्रतिशत र पावर ग्रिडको ५१ प्रतिशत सेयर हिस्सा रहनेछ । त्यस्तै, नेपाली भूभागमा पर्ने खण्ड नेपालका लागि नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा प्राधिकरणको ५१ प्रतिशत र पावर ग्रिडको ४९ प्रतिशत सेयर हिस्सा रहनेछ । दुई प्रसारण लाइनको निर्माणमा ८० प्रतिशत ऋण र २० प्रतिशत सेयर पुँजी रहने गरी वित्तीय व्यवस्थापन गरिनेछ । इनरुवा पूर्णिया प्रसारण लाइनको करिब २६ किलोमिटर खण्ड नेपाली र १ सय ९ किलोमिटर खण्ड भारतीय भूभागमा पर्नेछ ।

लम्की बरेली प्रसारण लाइनको करिब ३३ किलोमिटर खण्ड नेपाली र १ सय ८५ किलोमिटर खण्ड भारतीय भूभागमा निर्माण हुनेछ । नेपाल भारत संयुक्त प्राविधिक टोलीले सन् २०१९ मा तयार पारेको अध्ययन प्रतिवेदनअनुसार इनरुवा पूर्णिया प्रसारण लाइनको प्रारम्भिक लागत नेपाली र भारतीय खण्डको क्रमशः २ अर्ब ६५ लाख र ४ अर्ब १३ करोड भारतीय रुपैयाँ (भारु) लाग्ने अनुमान गरिएको छ ।

त्यस्तै, लम्की बरेली प्रसारण लाइनको नेपालमा प्रारम्भिक लागत अनुमान नेपाली र भारतीय खण्डको क्रमशः २ अर्ब ५७ करोड र ६ अर्ब १४ करोड भारु रहेको छ । प्राधिकरणले आफ्नै स्रोतबाट नेपाल र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा १ अर्ब र २ अर्बबराबरको इक्विटी लगानी गर्नेछ ।

# अलैंचीको मूल्य प्रतिमन एक लाख पुग्यो

**झापा/मस–** अलैंचीको भाउ यस वर्षको सबैभन्दा उच्च बिन्दुमा पुगेर ओरालो लागेको छ । बुधबार प्रतिमन (४० केजी) अलैंची अधिकतम १ लाख रुपैयाँमा किसानबाट खरिद भइरहेको नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष दीपक नेपालले जानकारी दिए ।

व्यवसायीले किसानबाट 'चालु' र 'जेजे' गरी दुई गुणस्तरको अलैंची खरिद गर्दै आएका छन् । जेजे अलैंचीको मूल्य बुधबार १ लाख रुपैयाँ प्रतिमन कायम भएको हो भने चालु अलैंची ९७ हजार रुपैयाँ प्रतिमनका दरले खरिदबिक्री भइरहेको उनले जानकारी दिए ।

यस वर्ष अलैंचीको भाउ मंगलबार सबैभन्दा उच्च बिन्दुमा पुगेको थियो । उनका अनुसार मंगलबार जेजे अलैंची प्रतिमन १ लाख २ हजार रुपैयाँमा कारोबार भएको थियो । हिजोको तुलनामा आज प्रतिमन २ हजार रुपैयाँका दरले मूल्यमा गिरावट आएको छ ।



'अलैंचीको भाउ निरन्तर उकालो लागिरहेको थियो, बुधबार मात्र २ हजार रुपैयाँका दरले ओरालो लागेको हो,' उनले भने, 'अहिले किसानहरूले औलो क्षेत्रको अलैंची बजारमा ल्याइसकेका छन् भने लेकाली क्षेत्रको अलैंची भर्खर भट्टी लगाउन सुरु भएको छ ।'

अलैंचीको बजार मूल्य उच्च हुने भएकाले यसलाई 'खोल्साको सुन' भनेर चिनिन्छ । पूर्वी पहाडका किसान अहिले बढेको भाउले प्रत्यक्ष लाभान्वित भएका छन् । अध्यक्ष नेपालका ४२ जिल्लामा अलैंची खेती हुने गरे तापनि कोशी प्रदेशका पाँचथर, ताप्लेजुङ, इलाम, संखुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा धेरै उत्पादन हुने गरेको छ ।

नेपालमा उत्पादित अलैंचीको ९० प्रतिशत मात्र निर्यात हुने गरेको छ । नेपालबाट भारत पुगेको अलैंची त्यहाँबाट 'ब्रान्डिङ' भएर विश्व बजारमा पुग्ने गरेको छ । विश्व बजारमा नेपाली अलैंचीले सोझो पहुँच पुर्‍याउन सकिरहेको छैन ।

कोशी प्रदेशमा ७ हजार ५ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैंची खेती हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा काँकरभिट्टा नाका भएर ७ अर्ब ६७ करोड रुपैयाँको अलैंची भारत निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

चालु आव २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा अलैंचीको निर्यात ३३ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालयले जनाएको छ । विगत साउन, भदौ र असोज महिनामा काँकरभिट्टा नाका भएर १ अर्ब ६७ करोड ९१ लाख ७५ हजार रुपैयाँ मूल्यबराबरको १ हजार ७२ मेट्रिक टन अलैंची भारत निर्यात भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए ।

# विमानस्थलहरूमा टेलिकमद्वारा फ्री वाइफाई सुरु

**काठमाडौं/मस–** नेपाल टेलिकमले देशभर सञ्चालनमा रहेका अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलमा सर्वसाधारण यात्रु लक्षित फ्री वाइफाई इन्टरनेट सेवा सुरु गरेको छ । कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत मंगलबारदेखि सो सेवा सुरु गरेको हो ।

नेपाल टेलिकमका तर्फबाट कम्पनीका प्रबन्ध निर्देशक सविना मास्के र विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले पहिलो चरणमा विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा सेवा शुभारम्भ गरेका थिए । फ्री वाइफाई सेवाको कभरेज विमानस्थलको आगमन, प्रस्थान, भिआइपी कक्ष तथा प्रतीक्षास्थललगायतका क्षेत्रमा रहेको छ ।



देशभर सञ्चालनमा रहेका तीनवटा अन्तराष्ट्रिय विमानस्थल तथा ३४ वटा आन्तरिक विमानस्थलमा सर्वसाधारण यात्रुलक्षित फ्री इन्टरनेट सेवा सञ्चालन गर्न नेपाल टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच भएको सम्झौताबमोजिम सो कार्यक्रमको शुभारम्भ गरिएको हो ।

# कुमारी बैंकद्वारा 'कुमारी' तृष्णालाई छात्रवृत्ति प्रदान



**काठमाडौं/मस–** कुमारी बैंक लिमिटेडले विगतका वर्षहरूमा संकलन गर्दै आएको शैक्षिक छात्रवृत्ति रकम जीवित देवी कुमारी तृष्णा शाक्य (निवर्तमान) लाई हस्तान्तरण गरेको छ । एक औपचारिक समारोहबीचमा बैंकले सो छात्रवृत्तिको रकम हस्तान्तरण गरेको हो ।

बैंकले प्रत्येक वर्ष वसन्तपुरकी जीवित देवी कुमारीको शैक्षिक प्रयोजनका लागि उनको कार्यकाल सुरु भएको वर्षदेखि हरेक वर्ष १ लाख रुपैयाँको दरले छात्रवृत्तिस्वरूप एक कोष खडा गरी सो रकम जम्मा गराउँदै आएको छ । यस छात्रवृत्तिको उद्देश्य कुमारीको कार्यकाल समाप्तिपश्चात् उनको आगामी शैक्षिक यात्रामा सहयोग पुर्‍याउनु रहेको बैंकले जनाएको छ ।

सोही परम्परालाई निरन्तरता दिँदै बैंकले सो कोषमा जम्मा भएको कुल रकम ७ लाख ३८ हजार ८ सय ११ रुपैयाँ छात्रवृत्तिस्वरूप निवर्तमान कुमारीलाई हस्तान्तरण गरेको हो ।

# एनसेलद्वारा १० नयाँ टावर विस्तार

**काठमाडौं/मस–** एनसेलले गएको १० दिनमा देशका विभिन्न स्थानमा २० वटा नयाँ टावर जडान गरी सञ्चालनमा ल्याएको छ । यसका साथै ती स्थानका ग्राहकले एनसेलको फोरजी नेटवर्कमार्फत गुणस्तरीय भ्वाइस र उच्च गतिको डाटा सेवाको फाइदा लिन सक्ने भएका छन् ।

आफ्नो सेवाको निरन्तर विस्तार र गुणस्तर सुधार अभियानअन्तर्गत मधेस, बागमती र कोशी प्रदेशका विभिन्न जिल्लाका स्थानीय तहमा आफ्नो फोरजी सेवा थप टावरका साथ सुधार गरेको एनसेलले जनाएको छ ।

मधेस प्रदेशमा १३ नयाँ टावर सञ्चालनमा ल्याएको छ र ती स्थान बाराको परवानीपुर, पर्साको पकहाँ मैनपुर, पोखरिया र वीरगन्ज, सप्तरीको बलान बिहुल, धनुषाको जनकपुर, कटैया, कमला र विदेह, सर्लाहीको कौडेना र मोतीपुर र रौतहटको यमुनामाई र माधव नारायणमा गरी १३ वटा नयाँ टावर सञ्चालनमा ल्याएको एनसेलले जनाएको छ ।

त्यसैगरी, कोशी प्रदेशमा सुनसरीको इनरुवा, बर्जु, हरिनगर र गढीमा चार र मोरङको बबियाबिर्ता र मजारेमा दुई गरी ६ वटा नयाँ टावर सञ्चालनमा आएका छन् । बागमती प्रदेशको हेटौंडा (मकवानपुर)मा एक टावर जडान गरी सञ्चालनमा ल्याइएको छ ।


## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मितिः २०८२/०७/१३**

प्रस्तुत बिषयमा मिति २०८२/०५/१५ गते यस कार्यालयवाट प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरुका बोलपत्र मुल्यांकन समितिबाट तपसिल बमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभाबग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/NCB/01/082/083 | Procurement of supply & delivery of Medicine and Surgical Equipment for Chaurjahari Municipality Rukum West. | Unique Pharma Nepalgunj-2, Banke. | NRS. 21,26,397.08 |


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**